सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१९ पुस २०८२, शनिबार (3 Jan 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २५४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

# कांग्रेसमा दुई खेमाका छुट्टाछुट्टै महाधिवेशन

## वैशाखमा नियमित महाधिवेशन गर्ने पार्टीको निर्णय, महामन्त्रीद्वय पुसमा विशेष महाधिवेशनको तयारीमा

## विधानको आ–आफ्नै व्याख्यासहित दुवै समूह आमनेसामने हुँदा समानान्तर संरचना निर्माण हुने अनुमान

### विशेष महाधिवेशनको औचित्य रहेन, महामन्त्रीहरूले बहुमतको निर्णय मान्नुपर्छ

● **डा. प्रकाशशरण महत**, प्रवक्ता, कांग्रेस



विशेष महाधिवेशनका हस्ताक्षरकर्ताले पनि नियमित महाधिवेशनको कार्यतालिकालाई स्वीकार गरेका हुन्। पुसमा हुन नसक्ने अवस्थामा अब वैशाखमा नियमित महाधिवेशन गर्ने भनेको अहिले जारी प्रक्रियाको निरन्तरता हो, नयाँ होइन। त्यसकारण विशेष महाधिवेशनको अहिले औचित्य रहँदैन। यो कुरा हस्ताक्षरकर्ताहरूले बुझ्नुभएको छ। क्रियाशील सदस्यता नटुंगिएको अवस्थामा पूर्वघोषित कार्यतालिकाअनुसार १६ पुसदेखि वडा अधिवेशन हुन सकेन। त्यसपछि कार्यतालिका संशोधन भएको हो। संशोधनसहितको निरन्तरता हुनाले महाधिवेशनमा समस्या हुँदैन। साथीहरूले यो बिस्तारै बुझ्नुहुन्छ। निर्णय प्रक्रियामा फरक मत राखे पनि उहाँहरू (महामन्त्री)ले बहुमतको निर्णय नै मान्दिनँ भन्न पाउनुहुन्न।

### ■ कांग्रेस विधानमा के छ ?

**विधान १७ (२)** केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका ४०% सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ।

**कांग्रेस विधान ४३ (पदावधि)** पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ। असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ।

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

पार्टी विधानको फरक-फरक व्याख्या गर्दै कांग्रेसका संस्थापन र इतर पक्षले खुला रूपमा समानान्तर प्रक्रिया र गतिविधि अगाडि बढाएका छन्। एकै समयमा विशेष र नियमित महाधिवेशनको तयारीसहित दुवै पक्ष आमनेसामने हुँदा कांग्रेसमा समानान्तर संरचना निर्माण हुने खतरा बढेको छ। चुनावअघि चर्किँदो आन्तरिक शक्तिसंघर्षले पार्टीलाई औपचारिक विभाजनको सँघारमा पुऱ्याउन सक्ने विश्लेषकको टिप्पणी छ।

शुक्रबार कांग्रेस केन्द्रीय कार्यसम्पादन समिति बैठकमा बहुमतको बलमा

» पृष्ठ २ मा क्रमशः

### सभापतिले नबोलाए महामन्त्रीले बोलाउँछौं, विशेष महाधिवेशन त हुन्छ–हुन्छ

● गगन थापा, महामन्त्री



पार्टी विधानको धारा ४३ अनुसार केन्द्रीय समितिको म्याद थप गर्ने र नियमित महाधिवेशन वैशाखमा गर्ने प्रस्ताव आयो। केन्द्रीय कार्यसम्पादन समितिको बहुमतबाट पारित त गरियो, तर यसमा हाम्रो फरक मत रह्यो। आफूलाई मन परेकोमा विधान लागू गर्ने र मन नपरेको विधान लागू नहुने भन्ने हुँदैन। पार्टी विधानको धारा १७ (२)ले विशेष महाधिवेशन मन लाग्दा बोलाउने, मन नलाग्दा नबोलाउने भन्ने हुँदैन। यो छनोटको विषय होइन। विशेष महाधिवेशनका लागि ५४ प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरेर पार्टीमा बुझाएको समय (९० दिन) पुस २८-२९ मा सकिन्छ। यो अवधिभित्र विशेष महाधिवेशन गर्दिनँ भन्न पाइँदैन। विशेष महाधिवेशनमा जानुपर्छ भन्ने धारणासहित वैशाखमा महाधिवेशन गर्ने प्रस्तावमा फरक मत राख्यौं।

अब एक-दुई दिन समय छ। विशेष महाधिवेशनबारे केन्द्रीय समितिले निर्णय गर्नुपर्छ। यो उत्तम हुन्छ। किनभने विधानको अधिकारलाई उल्लंघन गर्न पाइँदैन। पार्टी सभापति र केन्द्रीय समितिलाई हाम्रो अनुरोध छ र माग पनि गर्छु- केन्द्रीय कार्यसमितिले निर्णय गरेन भने विधानको धारा १७ (२) पालना हामी गर्छौं। केन्द्रीय समितिले निर्णय गर्दैन भने केन्द्रीय कार्यालयका रूपमा महामन्त्रीले पुसभित्र विशेष महाधिवेशन आह्वान गर्नुपर्छ। केन्द्रीय समितिले गरोस् वा केन्द्रीय कार्यालय (महामन्त्री)ले गरोस् विशेष महाधिवेशन हुन्छ। केन्द्रीय कार्यसम्पादन समितिले वैशाखमा महाधिवेशनको निर्णय गऱ्यो भनेर अब घर गएर सुत्ने होइन। केही दिनभित्रै विशेष महाधिवेशनका लागि काठमाडौं आउने तयारी गर्न म आह्वान गर्छु।

विशेष महाधिवेशनको कार्यविधि केन्द्रीय कार्यसमितिले बनाउने र विशेष महाधिवेशनले पारित गर्ने हो। यदि यो भएन भने विशेष महाधिवेशन आफैंले कार्यविधि बनाउँछ र पारित गरेर अघि बढ्छ। यो विशेष महाधिवेशनको कार्यक्षेत्रलाई कसैले अतिक्रमण गर्न पाउँदैन, मैले पाउने कुरा हुँदैन।

नेपाली कांग्रेसको अवस्था सजिलो छैन। भदौ २३-२४ अघि र पछिको परिस्थिति एउटै होइन। तर, एउटै भएजस्तो गरिएको छ। यो फरक परिस्थिति हो। हामी जस्तोसुकै परिस्थितिमा पार्टी फुट्न दिँदैनौं, पार्टी फुट्दैन। पार्टी फुट्छ भने विधानको धारा १७ (२) किन लेखेको त ?


हामीले असोजमा प्रस्ताव गरेका वेला महाधिवेशन गरेको भए एमालेभन्दा पहिला नै सानदार रूपमा महाधिवेशन गरिसकेका हुन्थ्यौं। ५४ प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरेर पार्टी विधानअनुसार माग गरेको विषयमा अहिले दादागिरी गर्न पाइन्छ ? अब विशेष महाधिवेशन सभापतिले डाक्नुहुन्छ र उहाँ आउनुहुन्छ भन्ने विश्वास छ। यदि भएन भने केन्द्रीय कार्यालयले आह्वान गर्छ। केन्द्रीय कार्यालय भनेको महामन्त्री हो। अर्का महामन्त्री (विश्वप्रकाश शर्मा)को समेत जिम्मा लिएर भन्छु- हामी विशेष महाधिवेशनको मागमा प्रतिबद्ध छौं।

### शेरबहादुरले बुद्धि पुऱ्याएर प्रयास गरे भने पार्टी जोगिएला, महामन्त्री पछाडि हट्ने देखिन्न

● **प्रा. लोकराज बराल**, राजनीतिशास्त्री



यतिवेला कांग्रेस गम्भीर मोडमा पुगेको छ। अहिले नै पार्टी फुट्ला भनेर अनुमान गर्न गाह्रो छ। सभापति शेरबहादुर देउवाले बुद्धि पुऱ्याएर प्रयास गरे भने पार्टी जोगिएला। महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माहरू पछि हट्ने सम्भावना देख्दिनँ। जेन-जी आन्दोलनसँगै बदलिएको परिस्थितिमा उनीहरूले लिएको अडान ठिक छ। वैशाखमा महाधिवेशन गर्ने निर्णय देउवाकै इसारामा भएको अस्वीकार गर्न सकिन्न। तर, उनी बैठकमा नभएको र निर्णय प्रक्रियामा प्रत्यक्ष नदेखिएको हुनाले उनको भूमिका अब निर्णायक हुने मैले देखेको छु। उनले चाहे भने मिलाउन सक्लान्। अर्को यथार्थ के हो भने कांग्रेसको यो लडाइँ टिकट र पदका लागि हो। एमालेमा केपी ओलीले जे गरे, कांग्रेस त्यही बाटोमा जानुहुँदैन। बहुदलीय प्रजातन्त्रमा पार्टीहरूको फुट र एकतालाई पनि अन्यथा लिनुहुँदैन। बिपी र मातृकाप्रसाद कोइराला पनि विगतमा फुटेकै हुन्। भारतमा पनि इन्दिरा गान्धीले भारतीय राष्ट्रिय कंग्रेस विभाजन गरेकै थिइन्। राजनीतिमा यस्तो भइरहन्छ। देउवाले बुद्धि पुऱ्याउने हो भने महामन्त्रीद्वयले लिएको लाइनका आधारमा अघि बढ्नु राम्रो हुन्छ, यसले नै कांग्रेस बचाउनेछ।




# मतदाता नामावली परिचयपत्र छपाइ सुरु

## हरेक निर्वाचन क्षेत्रमा चार सेट पठाइने, नयाँ मतदाताले मात्र परिचयपत्र पाउने

■ **चार करोड मतपत्र छापिने, आउँदो साताबाट छपाइ सुरु**

■ **समानुपातिक मतपत्रको रङ फेरिने**

यसअघि हल्का रातो रङमा रहेको समानुपातिक मतपत्र अब सेतो पृष्ठभूमिमा कालो अक्षरमा छाप्ने प्रस्ताव

**कमलराज भट्ट**/नयाँ पत्रिका

निर्वाचन आयोगले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदाता नामावली परिचयपत्र छपाइ कार्य सुरु गरेको छ। आयोगपरिसर मा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

» पृष्ठ २ मा क्रमशः



निर्वाचन आयोगपरिसरमा मतदाता परिचयपत्र छपाइ कार्यको शुभारम्भ गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी। 'मतदान हुनुभन्दा तीन दिनअघि मतदान केन्द्रमा खटिएका कर्मचारीमार्फत परिचयपत्र वितरण गरिनेछ,' आयोगका सूचना अधिकारी सुमन घिमिरेले भने, 'थपिएका नौ लाख १५ हजार ११९ मतदातालाई परिचयपत्र दिन्छौं। हराएको वा बिग्रेको परिचयपत्र पुनः वितरण गर्न यसपटक समय नपुग्ने अवस्था छ।'

## झ्याउनयाँ

### सहरले मौलिकता कसरी गुमाउँदै छ ?



सहर विमर्श-१

● **रवीन्द्र पुरी**, सम्पादाविद्

जब सिमेन्ट भित्रियो,
तब उपत्यकामा
सम्पदा विनाशको
यात्रा सुरु भयो

### साहित्यमा जम्दै लैंगिक तथा यौनिक अल्पसंख्यक



साहित्य

● **शान्ति तामाङ**

स्वस्थानी कथा

### व्रत बस्न होइन, समाज बुझ्न पढ्नुपर्ने



परम्परा

● **सरिता तिवारी**

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# जेन–जी आन्दोलनका घाइतेमध्ये १८३ जनाको मात्रै वर्गीकरण, २,३४० को अझै बाँकी

### ७३३ जनाले मात्र लिए जेन-जी घाइते परिचयपत्र

### परिचयपत्र नलिने घाइते वर्गीकरणमा नपर्ने

**काठमाडौंका १६९, कास्की र चितवनका ७-७ घाइतेको वर्गीकरण**

वर्गीकरण भएकामध्ये **१८ अति गम्भीर, ५५ गम्भीर, ४० मध्यम र ७० सामान्य घाइते**



**शिवहरि घिमिरे**/नयाँ पत्रिका

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत भदौ २३ र २४ मा भएको जेन-जी विद्रोहका क्रममा घाइते दुई हजार ५२३ मध्ये १८३ जनाको मात्र वर्गीकरण गरेको छ। अझै दुई हजार ३४० घाइतेको वर्गीकरण हुन बाँकी छ।

» पृष्ठ २ मा क्रमशः

### यसरी हुन्छ घाइतेको वर्गीकरण

■ **अति गम्भीर घाइते**

**जसमा दुवै खुट्टा गुमाएका, दुवै हात गुमाएका, धेरैवटा गोली लागेका, शरीर नचल्ने भएका, दुवै आँखा गुमेका, सामान्य जीवनमा फर्किन कठिन हुने, होस नभएकालगायत २३ प्रकारका चोटपटक**

भत्ता (मासिक) : **१८ हजार**

■ **गम्भीर घाइते**

**एउटा हात, आँखा, खुट्टा गुमाएका, दुई गोली लागेका, पेटमा गोली लागेकालगायत २१ प्रकारका चोटपटक**

भत्ता (मासिक) : **८ हजार**

■ **मध्यम घाइते**

**हात वा खुट्टामा गम्भीर चोट भएका, टाउकोमा चोट लागेका, पेटमा गोली लागेका, लामो समयसम्म उपचार गर्नुपर्नेलगायत**

भत्ता (मासिक) : **४ हजार**

■ **सामान्य घाइते**

गोली लागेका, गोलीको छर्रा लागेर चोटपटक लागेका, निको भए पनि खत बसेका, उपचार भएर सामान्य अवस्थामा फर्किएकालगायत

**(भत्ताको व्यवस्था छैन)**

### ■ जेन-जी आन्दोलनका घाइतेको अपेक्षा ०८४ को चुनाव ०८२ मा ल्याएजस्तो मात्रै नहोस्

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको कमल गाउँपालिका- ५, पाडाजुँगीका ३० वर्षीय प्रकाश भट्टराई २३ भदौअघिसम्म दमकको एउटा एकेडेमीमा कुक प्रशिक्षकका रूपमा विद्यार्थीलाई सिप सिकाइरहेका थिए। बिहान कक्षा लिन्थे र बेलुकी घर फर्किन्थे। तर, आज उनी घरभित्र-बाहिर बैसाखीको सहारामा ओहोर-दोहोर गर्दै जीवन धकेलिरहेका छन्।

भ्रष्टाचारविरुद्ध र सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धको विरोधमा आह्वान भएको जेन-जी आन्दोलनमा सहभागी हुन उनी २३ भदौ बिहानै घरबाट निस्किएका थिए। देशमा रोजगारी नपाएर बिदेसिएका दुई दाजुको पीडा, यहाँ व्याप्त भ्रष्टाचारको विकराल तस्बिर र भविष्यप्रतिको चिन्ताले उनी चुप बस्न सकेनन्।

बिहान १० बजेसम्म विद्यार्थी पढाएर उनी परिवर्तनको आशा बोकेर

» पृष्ठ २ मा क्रमशः



● दमक आन्दोलनमा देब्रे तिघ्रामा गोली लागेका झापाका प्रकाश भट्टराई (३०) भन्छन्-

> चुनावले देशलाई सही दिशामा लैजाने प्रतिनिधि ल्याओस् भन्ने आशा छ। सुशासन होस्, देशमै रोजगारी सिर्जना होस्। हामी दलका होइनौं, खराब व्यक्तिका विरोधी हौं। राम्रा मान्छे जुनसुकै दलका भए पनि फरक पर्दैन। तर, ०८४ को चुनाव ०८२ ल्याएजस्तै मात्र नहोस्।



● दमकमा आन्दोलनमै शरीरमा गोलीका नौवटा छर्रा लागेका धनकुटाका अविनाश राई (२०) भन्छन्-

> परिवर्तन हुन्छ भनेर आन्दोलनमा गएको हुँ। एउटा छर्रा अझै निकालिएको छैन, पेटमै छ। घाइतेको चाहना चुनावले गलत प्रवृत्तिको अन्त्य गरोस्, विदेश जानुपर्ने बाध्यता हटोस् र देशमै रोजगारी पाइयोस् भन्ने छ।

### बन्दसूचीमा अपांगता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित गर्न सर्वोच्चको आदेश



हरिप्रसाद फुयाँल टेकप्रसाद ढुंगाना


**शिल्पा कर्ण**/नयाँ पत्रिका

सर्वोच्च अदालतले आगामी प्रतिनिधिसभा निर्वाचनमा अपांगता भएका व्यक्तिको सहभागिता सुनिश्चित गर्न आदेश गरेको छ। शुक्रबार सर्वोच्चका न्यायाधीशहरू हरिप्रसाद फुयाँल र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले माधवप्रसाद चम्लागाईंसमेतले दायर गरेको रिटमाथि आदेश गरेको हो।

'...कुनै दलले पेस गरेको बन्दसूचीमा संविधान र कानुनबमोजिम अपांगता भएका व्यक्तिहरूको प्रतिनिधित्व नभएको देखिएमा त्यस्तो दललाई उम्मेदवारको बन्दसूची सच्याई अपांगता भएका व्यक्तिहरूको नामसमेत समावेश गर्नू-गराउनू भनी सूचित गरी निर्वाचनमा संविधान, कानुन र यस अदालतबाट जारी आदेश परिपालना हुने सुनिश्चित गर्नू।'

» पृष्ठ २ मा क्रमशः

# रनवेमा चिप्लियो बुद्ध एयरको जहाज



झापा/ झापाको भद्रपुर विमानस्थलमा शुक्रबार राति ९:०७ बजे बुद्ध एयरको जहाज अवतरणका क्रममा रनवेबाट चिप्लिएको छ। चालक दलका चार सदस्य र ५१ यात्रु गरी ५५ जना सकुशल छन्। काठमाडौंको त्रिभुवन विमानस्थलबाट उडान भरेको एटिआर ७२ बुद्ध ९०१ कलसाइन जहाज अवतरणका क्रममा रनवेबाट तीन सय मिटर पूर्वपट्टि चिप्लिएर खोल्सीमा झरेको झापा प्रहरी प्रमुख एसपी राजन लिम्बूले बताए।

झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालका अनुसार विमानमा सामान्य क्षति भए पनि यात्रु र चालक दलका सदस्य सबै सकुशल रहेको र यात्रुको उद्धार भइरहेको छ। भद्रपुर विमानस्थल प्रमुख किशोर खत्रीका अनुसार राति भएका कारण जहाजको क्षति हेर्न सकिएको छैन। यद्यपि, जहाजमा आगलागी नभएको बताए।

मानसिक स्वास्थ्य सुधारका लागि सर्वोच्चका १२ बुँदे निर्देशनात्मक आदेश

# नौ महिनासम्म पनि कार्यान्वयन गरेन सरकारले

**काठमाडौं**/ सर्वोच्च अदालतले मानसिक स्वास्थ्यसम्बन्धी नयाँ नीति जारी गर्न नौ महिनाअघि नै आदेश जारी गरे पनि सरकारले कार्यान्वयन गरेको छैन। सर्वोच्चका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नृपध्वज निरौलाको संयुक्त इजलासले १२ बुँदे निर्देशनात्मक आदेश जारी गरेको थियो।

हाल नेपालमा ०५३ मा जारी भएको राष्ट्रिय मानसिक स्वास्थ्य नीति, २०५३ कार्यान्वयनमा छ। तर, अदालतले 'राष्ट्रिय मानसिक स्वास्थ्य नीति, २०५३ लाई यथाशीघ्र परिमार्जन गर्नुपर्ने, मानसिक स्वास्थ्य सेवालाई स्थानीय तहसम्म लैजानुपर्नेलगायत निर्देशन दिएको थियो। आदेशमा मानसिक रोगको उपचारका लागि बजेट वृद्धि गर्नुपर्ने, औषधि वितरण सहज गर्नुपर्नेलगायत विषय पनि समेटिएका थिए। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले नीतिगत सुधारका लागि नयाँ नीतिको मस्यौदा बनाउने तयारी रहेको बताए। 'नेपालमा मानसिक स्वास्थ्यको अवस्था जटिल छ, प्रत्येक १० जनामध्ये तीनजनामा कुनै न कुनै प्रकारको मानसिक स्वास्थ्यको समस्या छ भनिन्छ,' बुढाथोकीले भने, 'तर, हामीले स्थानीयस्तरसम्म पुगेर काम गर्न सकिरहेका छैनौं, अन्य रोगको उपचार सेवाको तुलनामा मानसिक स्वास्थ्य सेवा र उपचार कमजोर छ।'

स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा शर्माले मन्त्रालयले मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गरेको दाबी गर्दै अब मानसिक स्वास्थ्यसम्बन्धी महाशाखा नै बनाउनुपर्ने बताइन्। 'मानसिक स्वास्थ्य गम्भीर अवस्थामा छ, यसमा थुप्रै काम गर्नुपर्ने अवस्था छ, अदालतको आदेश हामी कार्यान्वयन गर्छौं,' उनले भनिन्, 'पुरानो नीति पनि परिमार्जन हुनुपर्छ, हुन्छ, तर मानसिक स्वास्थ्य हामीले मात्रै काम गरेर हुँदैन, बजेट दिने मन्त्रालयले पनि ध्यान दिनुपर्छ, यसबारेमा सरोकारवालासँग कुराकानी गर्छौं।' उनले जेन-जी आन्दोलनपछि मानसिक समस्या बढेको भन्दै सबै संघीय अस्पतालमा मानसिक स्वास्थ्य सेवा हेल्प डेस्क राख्न निर्देशन दिएकी थिइन्। तर, गम्भीर प्रकारका बिरामीको उपचार सेवा संघीय अस्पतालले दिन सकेका छैनन्।

भुल सुधार गरिएको जानकारी बारे।

यस नबिल बैंक लि., कुमारीपाटी शाखा, ललितपुरको मिति २०८२/०९/०४ गते का दिन आर्थिक दैनिक पत्रिकाको पाना नं. ३ मा प्रकाशित **धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी** सुचनाको **लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु**को क.सं. ३ मा बोलपत्र खोल्ने मिति २०८२/०९/२० गते हुनु पर्नेमा अन्यथा हुन गएकोले भुल सुधार गरिएको जानकारी गराउदछौं।

NABIL BANK
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

**इन्द्रेणी मसरुम फार्म लिमिटेड**
चन्द्रागिरी-१२, बलम्बु, काठमाडौं, फोन नं.: ४३११४२८

**एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०९/०९ गते)
(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०९/१९ गते)

यस कम्पनीको मिति २०८२/०९/०४ गते शुक्रबार बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको एघारौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनीको ऐन, २०६३ को दफा ६७ को व्यवस्था अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान :**
**मिति** : २०८२ पौष ३० गते बुधबार (14th January, 2026)
**स्थान** : चन्द्रागिरी पार्टी प्यालेस, सतुंगल, काठमाण्डौ (फ्रुटी कारखाना नजिक)।
**समय** : दिउँसो १:०० बजे।

**छलफलका विषयहरु :**
**क) साधारण प्रस्तावहरु :**
१. आर्थिक वर्ष २०८१/०८२ को संचालक समितिका तर्फबाट अध्यक्ष ज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८२ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा तत्सम्बन्धी अनुसूचिहरु छलफल गरि पारित गर्ने।
३. आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।
**ख) विविध :**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**कुशल भैरव इन्भेष्टमेन्ट लिमिटेडको**
**वार्षिक साधारण सभाको सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/१९

यस कुशल भैरव इन्भेष्टमेन्ट लिमिटेडको मिति २०८२ पौष १ गतेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीकोवार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयउपर छलफल गर्नुपर्ने भएकोले उक्तमिति, समय र स्थानमा उपस्थितभई दिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ।

**सभाहुने मिति, समय र स्थान:**
**मिति** : २०८२/०९/३० गते बुधबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : कम्पनीको सभाहल

**प्रस्तावहरु:**
१) आ. व .२०८१/२०८२ को अध्यक्षज्यूले पेश गर्नु हुने प्रतिवेदन अनुमोदन सम्बन्धमा।
२) आ.व.२०८१/२०८२ को कम्पनीको तर्फबाट लेखा परिक्षक ज्यूले पेश गर्नु हुने प्रतिवेदन अनुमोदन सम्बन्धमा।
३) आ.व.२०८१/२०८२ को कम्पनीको समितिबाट भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
४) आ.व.२०८२/२०८३ को लागि लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने।
५) विविध।

**विशेष प्रस्तावहरु :**
१. यस कम्पनीको प्रबन्धपत्रको दफा ५ र ६ संसोधन गरी सोहीअनुसार प्रबन्धपत्र तयार गरी अभिलेख राख्ने सम्बन्धमा।
२. यस कम्पनीको नियमावलीको नियम २८ परिमार्जन गरी सो को अभिलेख राख्ने सम्बन्धमा।

संचालक समितिको आज्ञाले
प्रबन्ध संचालक

## मतदाता...

पृष्ठ १ बाट क्रमशः

रामप्रसाद भण्डारीले शुक्रबार छपाइ कार्यको औपचारिक शुभारम्भ गरेका हुन्। आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार निर्वाचन प्रयोजनका लागि मतदाता नामावली परिचयपत्र छाप्न थालिएको हो। मतदाताको नामावली छपाएर जिल्ला निर्वाचन कार्यालयमा पठाउने आयोगको तयारी छ। ०७९ सालको निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेकोमा त्यसपछि नौ लाख १५ हजार ११९ मतदाता थपिएका छन्। यससँगै कुल मतदाता संख्या एक करोड ८९ लाख तीन हजार ६८९ पुगेको छ।

आगामी निर्वाचनका लागि २३ हजार ११२ मतदान केन्द्र तोकिएका छन्। प्रत्येक मतदान केन्द्रका लागि चारवटा सेटका दरले मतदाता नामावली परिचयपत्र छापिने घिमिरेले बताए। यसअनुसार कुल ९२ हजार ४४८ सेट मतदाता नामावली छापिनेछ। चार सेटमध्ये एउटा जिल्ला निर्वाचन अधिकृत, एउटा जिल्ला निर्वाचन कार्यालय र दुईवटा सम्बन्धित मतदान केन्द्रमा पठाइनेछ। यी परिचयपत्र मतदातालाई वितरण गर्न नभई विशुद्ध निर्वाचन प्रयोजनका लागि प्रयोग गरिने आयोगले जनाएको छ।

### चार करोड मतपत्र छापिने, समानुपातिकको रंग फेरिने

निर्वाचन आयोगले आगामी निर्वाचनका लागि करिब चार करोड मतपत्र छाप्ने तयारी गरेको छ। आयोगका प्रवक्ता नारायण भट्टराईका अनुसार आउँदो सातादेखि मतपत्र छपाइ सुरु गरिनेछ। सुरुमा समानुपातिकतर्फका मतपत्र छाप्ने तयारी छ। समानुपातिकतर्फ ६४ दल दर्ता छन्।

यसपटक समानुपातिक मतपत्रको रंग परिवर्तन गर्ने प्रस्ताव गरिएको छ। यसअघि हल्का रातो रंगमा रहेको समानुपातिक मतपत्र अब सेतो पृष्ठभूमिमा कालो अक्षरमा छाप्ने प्रस्ताव गरिएको प्रवक्ता भट्टराईले बताए। 'मतदाताको संख्याका आधारमा दुवै प्रणालीका गरी करिब चार करोड मतपत्र छापिन्छ,' उनले भने, 'आयोगले सधैँभैँ सातदेखि १० प्रतिशतसम्म अतिरिक्त मतपत्र छाप्ने अभ्यासलाई यसपटक पनि निरन्तरता दिनेछ।'

उनका अनुसार प्रत्यक्षतर्फ ९ माघमा उम्मेदवारलाई निर्वाचन चिह्न दिएपछि मतपत्र छपाइ १५ माघबाट गर्ने तयारी छ। मतपत्र १० फागुनसम्म मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पठाइसकिने उनको भनाइ छ। भट्टराईका अनुसार आयोगले यसअघि खरिद गरेका मतपत्र छपाइ मेसिन यसपटक पनि प्रयोगमा आउन सम्भव छैन। यद्यपि, मेसिनहरूको मर्मत भइरहेको र आगामी निर्वाचनमा प्रयोग गर्ने गरी आयोग सक्रिय रहेको उनको दाबी छ। यसपटक पनि जनक शिक्षा सामग्री लिमिटेडकै मेसिन प्रयोग गरेर मतपत्र छापिनेछ।

### दुई सर्तमा मात्र बन्दसूची संशोधन

प्रवक्ता भट्टराईले राजनीतिक दलहरूले बुझाएको समानुपातिक बन्दसूची दुई सर्तमा मात्र संशोधन गर्न पाउने स्पष्ट गरेका छन्। 'क्लस्टर मिलाउन वा उम्मेदवारले उम्मेदवारी फिर्ता लिएमा मात्र बन्दसूची संशोधन गर्न पाइन्छ। उजुरी परेर छानबिनका क्रममा नाम हट्न सक्ने अवस्था पनि हुन सक्छ,' उनले भने। कानुनअनुसार नै बन्दसूची संशोधन हुने र कानुनी अस्पष्टता देखिएमा आयोगले बाधा अड्काउ फुकाउँदै सहजीकरण गर्ने भट्टराईको भनाइ छ। 'आयोग कानुनभन्दा बाहिर निर्णय गर्दैन। प्रचलित कानुनमा भएको व्यवस्था नै लागू हुन्छ। कहिलेकाहीँ स्पष्ट नभएकोमा आयोगले सहजीकरण गर्छ,' उनले भने।

### छुट्टै बन्दसूची लिएर उज्यालो नेपाल पार्टी आयोगमा

रास्वपासँग एकता गरेको उज्यालो नेपाल पार्टीका अध्यक्ष अनुपकुमार उपाध्याय र संरक्षक कुलमान घिसिङका भाइ शुक्रबार छुट्टै समानुपातिक बन्दसूची लिएर निर्वाचन आयोग पुगेका छन्। उनीहरूले बन्दसूची बुझाउन ५० हजार रुपैयाँ रसिद काटिएको दाबी गर्दै सूची बुझिदिन आग्रह गरेका थिए। तर, आयोगले बन्दसूची बुझाउने समय सकिइसकेको भन्दै सूची लिन अस्वीकार गरेको छ। उज्यालो नेपालको टोली सुरुमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीकहाँ पुगेको थियो। भण्डारीले कानुन तथा राजनीतिक महाशाखामा पठाएका थिए। महाशाखाले मनोनयन प्रक्रिया सम्पन्न भइसकेकाले फेरि बन्दसूची पेस गर्न नमिल्ने कानुनी व्यवस्था देखाउँदै फिर्ता पठाएको स्रोतले जनाएको छ।

आयोगका एक आयुक्तले भने, 'अघिल्लोपटक रास्वपासँग एकता भएको भन्दै बन्दसूचीको निस्सा फिर्ता लिनुभयो। आज फेरि रसिद काटेर बुझाउँछौं भनेर आउनुभयो। रास्वपाकै बन्दसूचीमा रहेका उपाध्यक्ष अनुपकुमार उपाध्याय नै आउनुभएको थियो, यो रोचक थियो।'

उज्यालो नेपाल पार्टीका नेताहरूले भने आयोगमा छुट्टै बन्दसूची लिएर गएको आरोप अस्वीकार गरेका छन्। १४ गते आयोग पुगेका नेता प्रवीण गुरुङले आफूहरू छुट्टै बन्दसूची लिएर नगएको दाबी गरे, 'त्यस्तो छैन।'

भुल सुधार गरिएको जानकारी बारे।

यस नबिल बैंक लि., अर्नामा शाखा, सिरहाको मिति २०८२/०९/१३ गतेका दिन आर्थिक अभियान पत्रिकाको पाना नं. ६ मा प्रकाशित सुचनाको ऋणी क.सं. २ मा **"न्यू गणेश वस्त्रालय"** हुनुपर्नेमा ऋणी "गणेश वस्त्रालय" भएकोले भुल सुधार गरिएको जानकारी गराउदछौं।

NABIL BANK
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

**महालक्ष्मी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, बागमती प्रदेश, नेपाल
वडा नं. ६

सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा सिन्धुली वडा नं. १ बस्ने गोमा कुमारी सार्की रम्तेल समेत - २ ले यस महालक्ष्मी नगरपालिका वडा नं. ६ (साविक गा.वि.स १) मा पर्ने कि.नं. २६५६, २६५९ को क्षेत्रफल १०३.३४ व.मी को जग्गामा घर निर्माण गर्न अनुमति पाउँ भनि यस महालक्ष्मी नगरपालिका कार्यालयमा दिनुभएको निवेदन अनुसार घर निर्माण कार्यको लागि १५ दिने सूचना जारी गरिएको र उक्त सूचना अवधिभर पनि दक्षिण कि.नं. ४७८ र ४७९ को संधियार फेला नपरेकाले, फेरि पनि थप १५ दिने सूचना यस राष्ट्रिय दैनिक मार्फत प्रकाशन गरिएको छ। यदि केही उजुरबाजुर भएमा यसै सूचनालाई आधार मानी महालक्ष्मी नगरपालिका वडा नं. ६ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**चम्पावती हाइड्रोपावर लिमिटेड नार्गाजुन १, काठमाडौंको**
**१६औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

दोस्रोपटक प्रकाशित मिति : २०८२।०९।१९ गते

*आदरणीय शेयरधनी महानुभावहरू !*

**यस कम्पनीको मिति २०८२/०८/१३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार कम्पनीको १६औं वार्षिक साधारणसभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावली २०७६ को नियम १८(३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।**

**साधारण सभा बस्ने मिति, समय र स्थान**
मिति : २०८२/०९/२६ गते शनिबार (१० जनवरी, २०२६)
समय : बिहान ९:३० बजे
स्थान : अनुपम फुडल्यान्ड, बत्तीसपुतली, काठमाडौं

**छलफलका विषयहरू**
(क) साधारण प्रस्ताव
१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षणको प्रतिवेदनसहित २०८२ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणसहितका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
(ख) विविध।

आज्ञाले
प्रशासकीय अधिकृत

**अधिकतम खुद्रा मूल्य प्रकाशन सूचना**

इभोक नेपाल प्रा. ली. ले चाइनाबाट पैठारी गरेको निम्न बस्तुहरु अधिकतम खुद्रा मूल्य बमोजिम भएको व्यहोरा जानकारीको लागि प्रकाशन गरिएको छ।

| सि.न. | मालवस्तुहरुको नाम | आकार/प्रकार | ब्रान्ड | मोडेल | क्षमता | इकाई | अधिकतम खुद्रा बिक्रि मूल्य |
|---|---|---|---|---|---|---|---|
| १ | Electric Scooter | EV | Keren | SRT 7 Lite | 74V40Ah / 4000W | NOS | ४,००,०००.०० |
| २ | Electric Scooter | EV | Keren | Blaze | 72v35Ah / 2100W | NOS | २,२७,०००.०० |
| ३ | Motorcycle | Petrol | Hyosung | GV 250S EVO | 248cc | NOS | ९,२५,०००.०० |
| ४ | Motorcycle | Petrol | Hyosung | QH 250-5 | 248cc | NOS | ९,८०,०००.०० |

**इभोक नेपाल प्रा. लि.**
एक्जीम कोड नं : ६२१२६८७७७०१३०NP
ठेगाना : उत्तरढोका, काठमाडौं सम्पर्क : ०१४५१३४५६

## कांग्रेसमा...

पृष्ठ १ बाट क्रमशः

संस्थापन पक्षले पुसको नियमित महाधिवेशन आगामी २८-३१ वैशाखमा सार्ने निर्णय गरेको छ। जबकि यो निर्णयमा फरक मत राखेको महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले हरहालतमा २७-२९ पुसमा विशेष महाधिवेशनमा जाने घोषणा गरेको छ। कार्यसम्पादनको यो निर्णयले नेतृत्व वैधतामा थप संकट आउन सक्ने कतिपयको मत छ।

कार्यसम्पादन समितिको बहुमतले २६-२८ पुसमा केन्द्रीय महाधिवेशन गर्ने गरी त्यसअघि सम्पन्न गर्ने वडादेखि प्रदेशसम्मको महाधिवेशन तालिका संशोधनको निर्णय गरेको छ। जबकि महामन्त्रीद्वय थापा-शर्मा समूहले विशेष महाधिवेशनका लागि केन्द्रमा दर्ता भएको ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको मागअनुसार अघि बढ्ने पुनः घोषणा गरेका छन्। सभापतिले नबोलाए महामन्त्रीको हैसियतमा आफूहरूले विधानअनुसार नै विशेष महाधिवेशन आह्नान गर्ने उनीहरूको भनाइ छ।

पूर्वनिर्धारित कार्यतालिकाअनुसार १६ पुसदेखि सुरु हुनुपर्ने कांग्रेसको वडा अधिवेशन हुन सकेन। यसैबिच, महामन्त्रीद्वय थापा र शर्माले बिहीबार केन्द्रीय कार्यालयको तर्फबाट विज्ञप्ति जारी गर्दै पुसमा हुने नियमित महाधिवेशन स्थगन गरी विशेष महाधिवेशनतर्फ जानुपर्ने र त्यसका लागि केन्द्रीय समितिमा सहमति जुटाउने प्रयास गरिने उल्लेख गरेका थिए।

अर्कोतर्फ सुरुदेखि नै विशेष महाधिवेशनको विपक्षमा रहेका सभापति देउवाले बिहीबार र शुक्रबार निकटस्थ नेताहरूसँग छलफल गरेपछि शुक्रबार केन्द्रीय कार्यसम्पादन समिति बैठक बोलाएका थिए। बैठकमा कार्यवाहक सभापति पूर्णबहादुर खड्काले आगामी २८-३१ वैशाखमा महाधिवेशन गर्ने र त्यसअघि २१ चैतदेखि १२ वैशाखसम्म वडादेखि प्रदेश तहसम्मका अधिवेशन सम्पन्न गर्ने कार्यतालिका प्रस्तुत गरेका थिए।

त्यसलगत्तै बैठकमा महामन्त्रीद्वय थापा र शर्मा, सहमहामन्त्री फर्मुल्लाह मन्सुर तथा नेताहरू अर्जुननरसिंह केसी र उमा रेग्मीले प्रस्तावप्रति आपत्ति जनाएका थिए। उनीहरूबाहेकका सदस्यहरूले कार्यवाहक सभापतिको प्रस्तावमा सहमति जनाएको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले नयाँ पत्रिकासँग बताए। 'उहाँहरूले नोट अफ डिसेन्ट राख्दै विशेष महाधिवेशनमा जाने अडान व्यक्त गर्नुभयो,' महतले भने। महतका अनुसार इतर समूहका नेता डा. शेखर कोइरालाले भने वैशाखमा महाधिवेशन गर्ने निर्णयलाई समर्थन गरेका छन्।

बैठकमा महामन्त्री थापाले परिवर्तित परिस्थितिमा चुनावअघि नेतृत्व परिवर्तन र नीतिगत स्पष्टताका आधारमा कांग्रेस अघि बढ्नुपर्नेमा आफू दृढ संकल्पित रहेको र विशेष महाधिवेशनको अब विकल्प नभएको धारणा राखेका थिए। उनले पुसभित्र नियमित महाधिवेशन हुन नसक्ने अवस्थामा २९ पुससम्म विशेष महाधिवेशन बोलाउनु बाध्यकारी रहेको बताएका थिए।

### देउवाले अब के गर्लान् ?

पार्टी विभाजनसम्म पुग्न सक्ने गरी दुवै पक्ष आमने-सामने भएपछि सभापतिको हैसियतमा शेरबहादुर देउवाको भूमिका के होला भनेर सबैको चासो छ। दुवै पक्षले औपचारिक प्रतिक्रियामा भने पार्टी एकतामा जोड दिएका छन्। तर, एकले अर्कोमाथि निर्णायक दबाब बनाउने र आरोपित गर्ने खेल भने रोकिएको छैन। विश्लेषक लोकराज बराल भन्छन्, 'सभापति शेरबहादुर देउवाले बुद्धि पुर्‍याएर प्रयास गरे भने पार्टी जोगिएला। महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माहरू पछि हट्ने सम्भावना देख्दिनँ।'

पार्टीमा देखिएको संकट टार्न भन्दै आफूलाई भेट्न आएका नेताहरूसँग देउवाले पार्टी फुटमा जान नहुने बताएका थिए। बिहीबार केन्द्रीय सदस्य आङ्गेलु शेर्पा, उदयशमशेर राणा, राजेन्द्र केसीलगायतको टोलीले सुरुमा सभापति देउवा र त्यसपछि महामन्त्रीद्वय थापा र शर्मासँग भेटेको थियो। 'पार्टी कुनै पनि हालतमा फुटतर्फ जानुहुन्न। विशेष महाधिवेशनको विषयमा उहाँहरू (महामन्त्रीद्वय)ले धेरै हतार गर्नुभो। मैले नेतृत्व छाडेर कार्यवाहक दिइसकेको छु। मैले त अब छाड्ने नै हो। अब पनि मैले के छाड्नुपर्ने हो त्यसका लागि पनि तयार छु। तर, पार्टी फुट्नुहुँदैन,' देउवालाई उद्धृत गर्दै केन्द्रीय सदस्य आङ्गेलु शेर्पाले नयाँ पत्रिकासँग भने।

महामन्त्री थापाले भने समानुपातिक उम्मेदवार सिफारिस प्रक्रियामा आफूहरूलाई बाइपास गरिएको, पुसभित्र नियमित महाधिवेशन गर्न आलटाल गरिएको भन्दै गुनासो गरेका थिए। 'हामी पार्टी फुट्न दिँदैनौं र पार्टी फुट्दैन भन्ने उहाँहरूको भनाइ थियो,' शेर्पाले भने, 'हामीले उहाँहरूलाई मध्यमार्गी बाटो निकाल्नुस् र चुनावको मुखमा पार्टीमा एकताको सन्देश दिनुहोस् भन्यौं।'

प्रवक्ता महतले सहमतिका लागि सभापति देउवाले विगतदेखि नै भूमिका निर्वाह गरेको उल्लेख गर्दै भने, 'अब पनि उहाँले सहमतिका लागि प्रयास गर्नुहुन्छ। तर, निर्णय प्रक्रियामा फरक मत राखे पनि उहाँहरू (महामन्त्री)ले बहुमतको निर्णय नै मान्दिनँ भन्न पाउनुहुन्न। त्यसमा टेकेर अघि बढ्नुपर्छ।'

साथै, उनले केन्द्रीय समितिले निर्णय नगरे केन्द्रीय कार्यालयको तर्फबाट आफूले बोलाउने घोषणा गरेका छन्। 'आफूलाई मन परेकोमा विधान लागू गर्ने र मन नपरेको विधान लागू नहुने भन्ने हुँदैन। पार्टी विधानको धारा १७ (२)ले विशेष महाधिवेशन मन लाग्दा बोलाउने, मन नलाग्दा नबोलाउने भन्ने हुँदैन। यो छनोटको विषय होइन,' थापाले भने, 'विशेष महाधिवेशनका लागि ५४ प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरेर पार्टीमा बुझाएको समय (९० दिन) पुस २८-२९ मा सकिन्छ। यो अवधिभित्र विशेष महाधिवेशन गर्दिनँ भन्न पाइँदैन।'

उनले केन्द्रीय कार्यसमितिले निर्णय नगरेमा विधानको धारा १७ (२) पालना गर्ने र विशेष महाधिवेशनमा जाने बताए। 'केन्द्रीय समितिले निर्णय गर्दैन भने केन्द्रीय कार्यालयका रूपमा महामन्त्रीले पुसभित्र विशेष महाधिवेशन आह्वान गर्नुपर्छ। केन्द्रीय समितिले गरोस् वा केन्द्रीय कार्यालय (महामन्त्री)ले गरोस् विशेष महाधिवेशन हुन्छ,' उनले भने, 'केन्द्रीय कार्यसम्पादन समितिले वैशाखमा महाधिवेशनको निर्णय गर्‍यो भनेर अब घर गएर सुत्ने होइन। केही दिनभित्रै विशेष महाधिवेशनका लागि काठमाडौं आउने तयारी गर्न म आह्वान गर्छु।' विशेष महाधिवेशन पक्षधरले २७ देखि २९ पुससम्म विशेष महाधिवेशनका लागि भृकुटीमण्डपस्थित हल र चौर बुक गरिसकेका छन्।

पार्टी प्रवक्ता महतले भने विशेष महाधिवेशन हुन नसक्ने जिकिर गरे। 'वैशाखमा नियमित महाधिवेशन गर्ने भनेको अहिले जारी प्रक्रियाको निरन्तरता हो, नयाँ होइन। त्यसकारण विशेष महाधिवेशनको अहिले औचित्य रहँदैन। यो कुरा हस्ताक्षरकर्ताहरूले बुझ्नुभएको छ। क्रियाशील सदस्यता नटुंगिएको अवस्थामा पूर्वघोषित कार्यतालिकाअनुसार १६ पुसदेखि वडा अधिवेशन हुन सकेन। त्यसपछि कार्यतालिका संशोधन भएको हो,' उनले भने, 'संशोधनसहितको निरन्तरता हुनाले महाधिवेशनमा समस्या हुँदैन। साथीहरूले यो बिस्तारै बुझ्नुहुन्छ।'

## जेन-जी आन्दोलनका...

पृष्ठ १ बाट क्रमशः

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार काठमाडौंबाट १६९, कास्कीबाट सात र चितवन प्रशासनबाट प्राप्त सात घाइतेको विवरणअनुसार चार समूहमा वर्गीकरण गरिएको हो। अन्य जिल्लाबाट विवरण आउन बाँकी छ।

काठमाडौंमा १६९ घाइते भएकामा १६ जना अति गम्भीर, ५२ गम्भीर, ५२ घाइते, ३७ मध्यम घाइते र ६४ सामान्य घाइतेमा परेका छन्। कास्कीको तथ्यांकअनुसार अति गम्भीर घाइते दुई, गम्भीर घाइते तीनजना र सामान्य घाइते दुई गरी सातजना छन्। त्यस्तै, चितवनबाट प्राप्त तथ्यांकअनुसार तीनजना मध्यम घाइते र चारजना सामान्य घाइते छन्। घाइते भएकामध्ये ७३३ जनाले जेन-जी घाइते परिचयपत्र लिइसकेका छन्। 'मोटामोटी यति घाइते हुन् भनेर त हामीकहाँ तथ्यांक छ, तर त्यसलाई हामीले छानबिन गरिरहेका छौं, वास्तविक घाइते हुनुपर्छ भनेर केलाउन लागिएको हो, मन्त्रालयले कार्यदल नै बनाएर काम गरिरहेको छ,' प्रवक्ता डा. बुढाथोकीले भने, 'आउँदो सातासम्म बाँकी जिल्लाबाट पनि तथ्यांक आइसक्छ, छिट्टै वर्गीकरण सकाउँछौं।' उनका अनुसार वर्गीकरण सकिएपछि तथ्यांक गृह मन्त्रालयलाई पठाइनेछ।

घाइतेको वर्गीकरणका लागि मन्त्रिपरिषद्ले नै निर्णय गरेको थियो। स्वास्थ्य मन्त्रालय, गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख डा. सरोज शर्मा नेतृत्वको विज्ञसमितिले वर्गीकरण गरिरहेको हो। समितिले पनि हरेक जिल्लामा सहजीकरण समिति खडा गरेर तथ्यांक संकलन गर्ने गरेको छ। जिल्ला सहजीकरण समितिको बैठकको संयोजकत्व सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले गर्छन्। त्यहाँबाट आएको तथ्यांकलाई अन्तिम तथ्यांक मान्ने गरिन्छ। जिल्ला प्रशासनले वर्गीकरण गर्दा घाइते परिचयपत्र हेर्छ। तर, जम्मा ७३३ ले मात्रै परिचयपत्र लिएकाले अन्य घाइतेको विवरण आउन कठिन हुने देखिएको मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले बताए। उनका अनुसार जेन-जी घाइतेको परिचयपत्र नलिएका घाइते वर्गीकरणमा पर्दैनन्।

## जेन-जी...

पृष्ठ १ बाट क्रमशः

आन्दोलनमा उत्रिएका थिए। तर, दमकको सडकमा शान्तिपूर्ण आन्दोलन गरिरहेका उनीमाथि प्रहरीको गोली लाग्यो। गोली उनको देब्रे तिघ्रामा लाग्यो। हड्डी छियाछिया भयो। र, हतारहतारमा अस्पताल पुर्‍याए।

शल्यक्रियापछि उनी अहिले बैसाखीको सहारामा बाँचेका छन्। 'देशमा एउटा समूहको मनोमानी चल्यो, भ्रष्टाचार मौलायो। त्यो देखेर आन्दोलनमा नजान मनले मानेन,' प्रकाश भन्छन्, 'देशमा रोजगारी छैन। यहाँको कामले खान पनि पुग्दैन। दुई दाजु बिदेसिएको सम्झिएँ। अहिले आफैँ यो हालतमा छु।'

आन्दोलन भएको चार महिना बितिसक्दा पनि उनको उपचार अझै सकिएको छैन। घाइते भएपछि बिर्तामोडस्थित बिएन्डसी अस्पतालमा दुईपटक शल्यक्रिया गरी तिघ्रामा लागेको गोली त निकालिएको थियो। तर, पूर्ण निको भएको छैन। 'अहिले केही ठिक त भएको छ,' उनी भन्छन्, 'बैसाखी टेकेर भित्र-बाहिर गर्न सकिन्छ। तर, जति वेला पनि दुखेर निकै गाह्रो हुन्छ। उपचार अझै चलिरहेको छ।'

अस्पतालले शल्यक्रिया निःशुल्क गरिदिए पनि फलोअप र थेरापीका लागि लागेको खर्च उनले आफैँ बेहोर्दै आएका छन्। 'अहिलेसम्म उपचारमा करिब चार लाख खर्च भइसकेको छ,' उनी भन्छन्, 'सरकारले २० हजार दियो। त्यसपछि कसैले सोधेन।'

राजनीतिक परिवर्तनको आशामा उनी घाइते भए। देशमा ठुलो परिवर्तन आउने अपेक्षा थियो। देशको अवस्था पनि अझै सोचेजस्तो भएको छैन। शरीरभन्दा गहिरो चोट उनको मनमा छ। 'सरकार फेरियो, तर प्रवृत्ति फेरिएन,' उनी भन्छन्, ' भ्रष्टाचारका फाइल खुल्छन् भन्नेमा थियौं। तर, खासै केही भएन। बरु हिजो देश दोहन गर्नेहरू फेरि जुर्मुराउन थालेका छन्।'

शान्तिपूर्ण आन्दोलनमा सहभागी भएकालाई कसैकसैले आतंककारी भन्न थालेको उनको गुनासो छ। परिवर्तनका लागि सडकमा उत्रिएका प्रकाशलाई फेरि पुरानै पात्र सत्तामा फर्किन्छन् कि भन्ने डर छ। 'फेरि उनीहरू नै आए भने परिवर्तनका लागि लड्ने हामीलाई जेल हालिन्छ होला,' उनी भन्छन्, 'हामीले विध्वंस मच्चाएका होइनौं। आवाज उठाउँदा गोली खाएका हौं। विध्वंस गर्नेको छानबिन होस्। हामीमाथि दोष थोपर्न मिल्दैन।'

तमाम निराशाबिच पनि उनी २१ फागुनमा हुने निर्वाचनप्रति भने आशावादी देखिन्छन्। 'चुनावले देशलाई सही दिशामा लैजाने प्रतिनिधि ल्याओस् भन्ने आशा छ,' उनी भन्छन्, 'सुशासन होस्। देशमै रोजगारी सिर्जना होस्। गाउँमा मलामी जान पनि युवा नपाइने अवस्था अन्त्य होस्।'

यति मात्र होइन, उनी लोकतान्त्रिक मूल्य-मान्यताप्रति चाहिँ स्पष्ट नै छन्। 'हामी पुराना दलका विरोधी होइनौं। खराब व्यक्तिका विरोधी हौं। राम्रा मान्छे जुनसुकै दलका भए पनि हामीलाई फरक पर्दैन। तर, ०८४ को चुनाव, ०८२ जस्तै मात्र नहोस्।'

यस्तै, धनकुटा नगरपालिका-५ का २० वर्षीय अविनाश राईलाई राजनीतिमा खासै रुचि थिएन। तर, देशमा रोजगारी नपाएर बिदेसिनुपर्ने बाध्यताको पीडा उनले नजिकबाट देखेका छन्। कक्षा १२ सकेर स्नातक पढ्न झापाको कमल गाउँपालिकास्थित मामाघर आएका उनी पनि २३ भदौको आन्दोलनमा सहभागी भए। दमक नगरपालिकाअगाडि भएको आन्दोलनका क्रममा उनको शरीरका नौ ठाउँमा गोलीका छर्रा लागे।

विराटनगरको नोबेल अस्पतालमा शल्यक्रिया गरी आठवटा छर्रा निकालियो। तर, एउटा छर्रा अझै उनको पेटमै छ। 'अपरेसन गर्दा खतरा हुन्छ भनेर नौवटामध्ये एउटा छर्रा निकालिएको छैन,' अविनाश भन्छन्।

शरीरभित्र गोलीको छर्रा बोकेर हिँडिरहेका अविनाशलाई पनि राज्यले बेवास्ता गरेको महसुस छ। 'नोबेल अस्पतालले उपचार त गरिदियो,' उनी भन्छन्, 'तर औषधिमै ५० हजारभन्दा बढी खर्च भयो। सरकारले २० हजार मात्रै दियो। न उपचारका लागि पर्याप्त सहयोग पाइयो, न त ठुलो परिवर्तन नै देखियो।'

२१ फागुनमा हुने निर्वाचनमा अविनाश पहिलोपटक मतदान गर्दै छन्। भर्खरै मतदाता नामावलीमा नाम दर्ता गराएका उनी यो चुनावप्रति आशा राख्छन्। 'यो चुनावले गलत प्रवृत्तिको अन्त्य गरोस्,' उनी भन्छन्, 'पढेर पनि विदेश जानुपर्ने बाध्यता हटोस्। देशमै रोजगारी पाइयोस्। हाम्रो अपेक्षा यही हो।'

**स्कुटर हरायो**

मिति २०८२/०८/०८ गते बेलुकी अन्दाजी ८:३० बजेको समयमा का.जि. का.म.न.पा.-७, चावहिल गंगाहीटी ढुङ्गेधाराको सडक पेटीमा पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको स्काई ब्लु रंगको 125 CC Vespa स्कुटर हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

**नाम : सुस्मिता बराल**
स्कुटर नं.: बा प्र. ०२-०३६ प ७१५९
चेसिस नं.: MET0002AAZC004433
इन्जिन नं.: M449M3246026
सम्पर्क न.: 9818957622

**सर्टिफिकेट हरायो**

मिति २०८२/६/२३ गते पोखरा बाट काठमाडौंसम्म जाँदा मेरो निम्न व्यहोरा भएको NEB बाट जारी माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकै को प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**Name: Anjana Thapa**
Symbol No: 24601820
Reg. No. : 815460320003
Contact : 9766832659

## बन्दसूची...

पृष्ठ १ बाट क्रमशः

अन्तरिम आदेशमा छ।

निवेदकले ११ पुसमा दर्ता गरेको रिटमा नेपाल सरकार, कानुन मन्त्रालय, निर्वाचन आयोगलगायतलाई विपक्षी बनाइएको छ। यसअघि १४ पुसमा न्यायाधीश ढुंगानाकै इजलासले यस रिटमाथि कारण देखाऊ आदेश जारी गर्नुका साथै अन्तरिम आदेश सम्बन्धमा छलफल गर्न दुवै पक्ष डाकेको थियो। जसको सुनुवाइपछि अन्तरिम आदेश जारी भएको हो।

छलफलका क्रममा संविधान, ऐन तथा अन्तर्राष्ट्रिय महासन्धि र अदालतबाट समय-समयमा जारी आदेशको समेत मर्म र भावनाअनुकूल अपांगता भएका व्यक्तिको नाम समावेश नगरिएको अदालतलाई निवेदक पक्षले जानकारी गराएको थियो। यी प्रश्न गम्भीर रहेको भन्दै सर्वोच्चले बाँकी प्रश्नको जवाफ अन्तिम सुनुवाइबाट गर्ने गरी तत्काल अन्तरिम आदेश जारी गरेको हो।

'... रिट निवेदनमा उठाइएका अन्य प्रश्नको पछि अन्तिम सुनुवाइबाट ठहरेबमोजिम हुने गरी हाललाई उम्मेदवारको बन्दसूचीमा अपांगता भएका व्यक्तिहरूको प्रतिनिधित्व नभएमा निवेदकहरूलाई अपूरणीय क्षति हुने स्थिति देखिँदा निर्वाचन आयोगले सबै राजनीतिक दलले पेस गरेको उम्मेदवारको बन्दसूचीमा अपांगता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चितता हुने गरी उम्मेदवारको बन्दसूची तयार गरी पेस गरे-नगरेको प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ (१०) बमोजिम छानबिन' गर्न अदालतले भनेको छ।

वर्तमान सरकारले अध्यादेश नम्बर ३ बाट प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन संशोधन गरेको थियो। यसको बुँदा २ मा उक्त ऐनको अनुसूचीमा संशोधन गरिएको छ, जसमा दलित, आदिवासी, जनजाति, खसआर्य, मधेसी, थारू र मुस्लिमलाई समावेशिताको आधार लिइएको छ। तर, पछिल्लो जनगणणाअनुसार २.२ प्रतिशत रहेका अपांगता भएका व्यक्तिलाई भने समावेशिताको सिद्धान्तमा नजरअन्दाज गरिएको दाबी रिटमा थियो।

यसरी समानुपातिक सिटका लागि निर्वाचन आयोगमा बुझाइएको बन्दसूचीमा अपांगता भएका व्यक्तिहरूको नाम पनि समावेश हुनुपर्ने तथा हाल त्यस्तो नभएको हुँदा तत्काल कार्यान्वयन नगर्न-नगराउन निवेदकले माग गरेका थिए। यसअघि पटक-पटक सर्वोच्चले उक्त संवैधानिक व्यवस्था कार्यान्वयनका लागि आदेश दिए पनि २१ फागुनमा हुन गइरहेको निर्वाचनमा समेत कार्यान्वयन नभएको भन्दै निवेदक अदालत पुगेका हुन्।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १९ पुस ०८२
nayapatrikaofficial @nayapatrika

# सहरले मौलिकता कसरी गुमाउँदै छ ?


## जब सिमेन्ट भित्रियो, तब उपत्यकामा सम्पदा विनाशको यात्रा सुरु भयो

सहर विमर्श–१



● रवीन्द्र पुरी, सम्पदाविद्

*'विकास' र 'आधुनिकता'को रफ्तारमा हामीले आफ्नो मौलिकता गुमाउँदै छौं । भौतिक संरचनालाई नै समृद्धि मान्ने मनोविज्ञानका कारण धेरै सहरले मौलिकता गुमाउँदै गएका छन् । यसै सन्दर्भमा हामीले 'सहर विमर्श' सुरु गरेका छौं । यो विमर्शमा सहर र मौलिकताबारे विज्ञले आफ्नो धारणा प्रस्तुत गर्नेछन् । पहिलो शृंखलामा सम्पदाविद् तथा युनेस्को अवार्ड विजेता रवीन्द्र पुरीसँग* ***पवन बराइली****ले कुराकानी गरेका छन् :*



● सम्पदा क्षेत्र मासेर सटर बनाउने र पैसा कमाउने होडबाजी चल्यो ।

● अमूर्त सम्पदामा नेपाल संसारकै पहिलो नम्बरमा पर्छ ।

● हामी सच्चिएनौं भने दुई-तीन सय वर्ष पुराना घर नयाँ पुस्ताले देख्न पाउनेछैनन् ।

● नेपालका थारू, मधेशी, गुरुङ, मगर, शेर्पा, तामाङलगायत विभिन्न समुदायका परम्परागत घर नष्ट हुँदै गएका छन् ।

● हामी फेरि आफ्नो प्राचीनतातिर फर्किने वेला आएको छ । यसले सबैभन्दा ठुलो फाइदा वातावरणलाई पुग्छ ।

● लुम्बिनीमा मास्क लगाएर ध्यान गर्न जानुपर्ने अवस्था छ । यो आफैंमा लज्जास्पद विषय हुनुपर्ने हो ।

● पाटनलाई चोकैचोकको संसारकै नमुना सहर बनाउने सम्भावना अझै बाँकी छ ।

नेपालमा २५ वर्षअघिसम्म पुरानो घरलाई संरक्षण गर्ने चेत थिएन । धेरैले पैसा कमाएपछि पुरानो घर भत्काएर ढलानको घर बनाउन थाले । त्यसवेला मचाहिँ पुरानो घरलाई जोगाउनतिर लागैं । घरपरिवार, नातागोता र छिमेकीले मलाई पागल भन्थे । राम्रो जागिर थियो । त्यो जागिर पनि छाडेर थोत्रो घर जोगाउन खोज्दा कसैले पनि विश्वास गरेनन् । अहिले त्यही घर 'नमुना घर' भनेर प्रख्यात छ । नमुना घर १८५ वर्ष पुरानो हो । मैले त्यसलाई नभत्काई सबलीकरण गरैं । थोत्रो घरलाई पनि नभत्काई सबलीकरण गर्न सकिन्छ भन्ने प्रमाण अघि सारैं ।

०७२ को भूकम्पमा नमुना घर रौंबराबर पनि चर्किएन । त्यसभन्दा ठुलो उदाहरण विश्व सम्पदामा सूचीकृत भक्तपुरको न्यातपोल मन्दिर लिन सकिन्छ । माटो, इँटा र काठले बनेको यो मन्दिर तीन सय वर्षदेखि उभिएको छ । अझ न्यातपोलभन्दा पुरानो दत्तात्रय मन्दिर पनि अर्को साक्षी हो ।

उपत्यकाका तीनै सहर सम्पदाले भरिएका थिए । टोनी हागन काठमाडौं पहिलोपटक आउँदा दोस्रो विश्वयुद्धपछि काठमाडौं उपत्यकालाई सबैभन्दा ठुलो सम्पदा क्षेत्र भनेका थिए । किनभने, काठमाडौं उपत्यकामा कलायुक्त विशिष्ट आवासीय घर थिए ।

### ■ सिमेन्टपछि विनाशको यात्रा

जब सिमेन्ट भित्रियो, तब उपत्यकामा सम्पदा विनाशको यात्रा सुरु भयो । पछिल्लो ५० वर्षमा हामीले करिब ९० प्रतिशत आफ्नो मौलिकता नष्ट गर्‍यौं । विकासको नाममा पुरानो घर भत्काएर ढलान घर बनाइयो । यही सोचका कारण हामीले सम्पदा स्वाहा बनायौं ।

हाम्रो सम्पदालाई जस्ताको त्यस्तै राख्न सकेको भए यो सहर भेनिस, रोम, पेरिस, कोपेनहेगनजस्तै आकर्षणको केन्द्र हुने थिए । हामी पनि ती सहरले जस्तै बर्सेनि तीनदेखि चार करोड पर्यटक भित्र्याउँथ्यौं । तर, हामीले त्यो मौका गुमायौं ।

भेनिस भक्तपुरभन्दा सानो सहर हो, तर त्यहाँ वर्षमा हाम्रो देशको जनसंख्याभन्दा बढी पर्यटक जान्छन् । भक्तपुरजस्तो एउटा सहरले सिंगै नेपाल पाल्न सक्थ्यो । उपत्यकाका सहरलाई जोगाउन सकेको भए अरू केही गर्नै पर्दैनथ्यो । आर्थिक विकास आफैं हुन्थ्यो, त्यससँगै शिक्षा, स्वास्थ्यजस्ता सबै विकास हुँदै जान्थ्यो ।

हामी ढुंगा, माटो, काठ र पुराना इँटाले घर बनाउँथ्यौं । आज डन्डी, सिमेन्ट र जस्ताविना घर सम्भवै छैन । यही सोचले वातावरणमा असर पुऱ्याइरहेको छ ।

२०४६ को राजनीतिक परिवर्तनसँगै सम्पदामाथि आक्रमण बढ्यो । हाम्रो जीवनशैलीमा परिवर्तन आयो । मानिसले पैसा कमाउन थाले । पैसा कमाएपछि सबैले पुरानो घर भत्काउँदै ढलान घर बनाउन थाले । त्यसअघि छिटपुट मात्रै ठुला ढलानका भवन बन्थे । तर, दर्जनौं पुराना घर मासेर नयाँ आधुनिक भवन बन्न थाल्यो ।

०४६ पछि सहरीकरणका कारण अन्धाधुन्द संरचना बन्न थाले । सिमेन्ट, स्टिलको अत्यधिक प्रयोग हुन थाल्यो । त्यसपछि हाम्रो मौलिक सहरको विनाश यात्रा सुरु भयो । बिस्तारै सहरले आफ्नो स्वरूप परिवर्तन गऱ्यो । सहरको स्वरूप बिग्रिँदै गएकोबारे कसैले सोचेनन् । त्यति मात्रै होइन, उपत्यकाका चोकहरू पनि परिवर्तन हुन थाले । अग्ला ढलानका भवन बनाउने होडबाजी चल्यो । ढलानका घर बनाउनुलाई सामाजिक प्रतिष्ठाको रूपमा हेरियो । सम्पदा क्षेत्र मासेर सटर बनाउने र पैसा कमाउने होडबाजी चल्यो । तर, सिंगो सहरको मौलिकता गुम्दै गएको पत्तै पाएनौं ।

भक्तपुरको सम्पदा क्षेत्रमै जन्मिएकाले पनि म यो सहरको सम्पदा विनाशको साक्षी बन्न पुगैं । मेरो बाल्यकालमा पोखरी र चोकहरू थुप्रै थिए । मल्लकालीन शैलीका वास्तुहरू धेरै थिए । काठमाडौं उपत्यकामा मल्लकालीन र राणाकालीन वास्तुशैलीका घर थिए । तर, इतिहास बोकेका घर समयक्रममा मासिँदै गए । अझै याद छ, पढ्न भक्तपुरबाट काठमाडौं जाँदा गौशाला, मैतीदेवी पुतलीसडक, डिल्लीबजारतिर पुराना घर लहरै हुन्थे । सोह्रखुट्टेबाट सामाखुसी जाने बाटोमा सयौं पुराना शैलीका घर देखिन्थे । अहिले त्यस्ता घर ८-१० वटा पनि भेट्टाउन मुस्किल छ ।

काठमाडौं, भक्तपुर र ललितपुरका भित्री वस्तीलाई अझै जोगाउन सकिन्छ । त्यहाँको मौलिकता फर्काउन सकिन्छ । ती ठाउँमा पहिलो काम 'भेहिकल फ्री' बनाउनुपर्छ । कोपनहेगन संसारको भेइकल फ्री सहर मानिन्छ । सम्पदासँग हामीले आनन्द अनुभव गर्न पाउनुपर्छ । हाम्रोमा दुई पाइला हिँड्नेबित्तिकै गाडीको हर्न बजिहाल्छ । सम्पदासँग इन्जोय गर्ने वातावरण नै बनाउन सकेनौं । त्यसका लागि पहिलो काम भनेकै भेहिकल फ्री गर्नु हो ।

### ■ संकटमै छ भक्तपुरको सम्पदा

तुलनात्मक रूपमा अन्य नगरपालिकाभन्दा भक्तपुरमा सम्पदा संरक्षणमा धेरै काम भएका छन् । यद्यपि, दुईवटा कुरामा चुकेको छ । भक्तपुरलाई भेहिकल फ्री बनाउन सकेको छैन । हामीसँग मूर्त सम्पदासँगै अमूर्त सम्पदा पनि छन् । अमूर्त सम्पदामा नेपाल संसारकै पहिलो नम्बरमा पर्छ । अझ भक्तपुर अमूर्त सम्पदामा अगाडि छ । भक्तपुरमा जस्तो बाजा, नाच, चाडपर्व जीवित संसारको कुनै सहरमा छैनन् । तर, हामीले यसलाई चिनाउन सकेका छैनौं । जस्तै- भक्तपुरको नवदुर्गा नाच रहस्यमय र दुर्लभ मानिन्छ । हामीले यहाँको सम्पदालाई चिनाउन सक्यौं भने 'भक्तपुर एकचोटि नगई मर्नु हुँदैन' भन्ने बनाउन सकिन्छ । तर, विकास र संरक्षणबिच सन्तुलन नमिल्दा सहरहरूले मौलिकता गुमाउँदै गएका छन् । हिजो उपत्यकामा मल्लकालीन इँटाले छापिएका बाटो, इँटाकै घरले सहरको सौन्दर्य बेग्लै थियो । तर, बिस्तारै बाटोहरूमा ढलान र पिच हुन थाल्यो । यसले गर्दा जमिनले पानी सोस्न पाएन, त्यसैले बाढी र डुबान बढ्यो ।

मूर्त-अमूर्त दुवै सम्पदाका कारण भक्तपुरमा बाल्यकालमा हिँड्दा मल्लकालमै हिँडेजस्तो अनुभूति हुन्थ्यो । त्यसवेला चर्किएका टेको लगाइएका, पाल टाँगिएका घर थिए, त्यस्ता घरको संरक्षण भएको थिएन । त्यसमा मौलिकता र आत्मा थियो । आज सरसफाइ बढेको छ, ढुंगेधारा, पाटी संरक्षण भएका छन् । तर, दुर्भाग्यवश अधिकांश पुराना घर ढलानमा परिणत भएका छन् । सहरको सौन्दर्यता हराइसकेको छ ।

अहिलेको सबैभन्दा ठुलो चुनौती पुराना घरको संरक्षण हो । हामीले कस्तो विकास गर्‍यौं ? यो अहिलको जटिल प्रश्न हो । हामी सच्चिनुपर्छ, यदि सच्चिएनौं भने दुई-तीन सय वर्ष पुराना घर नयाँ पुस्ताले देख्नेछैनन् । पछिल्ला पाँच दशकमा जति मासिए पनि पुराना सहरलाई केही हदसम्म जोगाउन सकिने अवस्थामै छौं । निर्माण भएका ढलान घरलाई भत्काईकन पुरानै शैलीमा निर्माण गर्न सकिन्छ । ढलान घरलाई पुरानो शैलीमा ढाल्न सकिन्छ । मन्दिर र पाटीपौवा मात्रै होइन, घर पनि सम्पदामैत्री बनाउन सक्ने अवस्था छ । हामीले यति गर्न सक्यो भने हाम्रो सहरको मौलिकता केही हदसम्म फर्काउन सक्छौं । ९० प्रतिशत सम्पदा क्षेत्र मासिए पनि उपत्यकामा सातवटा सम्पदा क्षेत्र अझै छन् । यही हेर्न अहिले संसारभरका पर्यटक आउँछन् ।

> सम्पदालाई जस्ताको त्यस्तै राख्न सकेको भए हाम्रा सहर भेनिस, रोम, पेरिस, कोपेनहेगनजस्तै आकर्षणको केन्द्र हुने थिए । हामी पनि ती सहरले जस्तै बर्सेनि तीनदेखि चार करोड पर्यटक भित्र्याउँथ्यौं । तर, हामीले त्यो मौका गुमायौं ।

काठमाडौं उपत्यकाभित्र मात्र सातवटा विश्व सम्पदा क्षेत्र छन् । जुन संसारमै सबैभन्दा बढी घनत्व भएको मानिन्छ । तर, दुःखको कुरा यी सातवटै सम्पदा क्षेत्रभित्र पाँच सयभन्दा बढी घर गैरकानुनी रूपमा निर्माण भइसकेका छन् । अन्य मुलुकमा विश्व सम्पदा क्षेत्रमा बस्न पाउनु प्रतिष्ठाको विषय हुन्छ । तर, नेपालमा उल्टो अवस्था छ, 'बेकारमा मेरो घर विश्व सम्पदा क्षेत्रमा पऱ्यो' भन्ने मानसिकता देखिन्छ । त्यसैले नियम मिचेर घर बनाइन्छ । स्थानीय निकाय तथा पुरातत्त्व विभाग लाचार भएर बस्छन् । सरकारले विश्व सम्पदा क्षेत्रमा बनेका गैरकानुनी संरचना तुरुन्तै हटाउन सक्नुपर्थ्यो । तर, सक्दैन ।

### ■ संसारकै दुर्लभ सहर मानिन्थ्यो पाटन

पहिले पाटन चोकैचोकको सहर मानिन्थ्यो । तर, आज धेरै रूप फेरिइसकेको छ । चोकैचोक मिलेर बनेको पाटन संसारकै दुर्लभ सहर बन्न सक्थ्यो । तर, चोकका स्वरूपमा परिवर्तन आइसकेको छ । पाटनलाई चोकैचोकको संसारकै नमुना सहर बनाउने सम्भावना अझै बाँकी छ ।

अर्को पाटनलाई संसारका सबैभन्दा पुरानो बौद्ध धर्मावलम्बीको बस्तीको रूपमा लिन सकिन्छ । प्राकृतिक र सांस्कृतिक हिसाबले पनि नेपाललाई पर्यटकीय केन्द्र बनाउन सकिन्छ ।

पर्यटन विकासका लागि नेपाल अपार सम्भावना भएको देश हो । हामी भारत र चीनजस्ता विशाल मुलुकको बिचमा छौं । पर्यटनबाट आर्थिक रूपमा फाइदा लिन सक्ने नीति बनाउन सक्यो भने सांस्कृतिक तथा प्राकृतिक सम्पदा नै हाम्रो सबैभन्दा ठुलो पुँजी हो । यसलाई हामीले आर्थिक अवसरसँग सजिलै जोड्न सक्छौं ।

नेपालका अधिकांश सहर सांस्कृतिक रूपमा समृद्ध छन् । भौगोलिक रूपमा त्यहाँ आ-आफ्नै विशेषता छन् । पुराना घर भूकम्पनिरोधक मात्र होइन, वातावरणमैत्री र स्वास्थ्यका लागि पनि उत्तम मानिन्छ । अर्को ठुलो महत्त्व भनेको मौलिकता हो । हामीले लगाउने ढाकाटोपी, दौरा-सुरुवाल पनि मौलिक पहिचान हुन् । मानिसले फरक देखिन र आफ्नो पहिचान देखाउन वेशभूषा लगाउँछन् ।

### ■ बचाउनुपर्छ घान्द्रुकलाई

नेपालमा विश्वकै नमुना सहरहरू बनाउन सकिन्छ । कुनै पनि ठाउँमा २०-३० वटा परम्परागत शैलीका घर बनाउने हो भने पर्यटक कति आउँथे होलान् ? यसको उदाहरण घान्द्रुकलाई लिन सकिन्छ । मानिसहरू घान्द्रुक किन पुग्छन् ? त्यहाँ पुराना शैलीका गुरुङ बस्ती र घर छन्, ती घर हेर्न पुगिरहेका हुन्छन् । बन्दीपुर किन जान्छन् ? त्यहाँ नेवारी शैलीका घर हेर्न पुग्छन् । यस्ता सम्भावित सहर नेपालभरि धेरै छन् । हामीले त्यतातिर ध्यानै दिन सकेका छैनौं ।

प्राचीन र ऐतिहासिक महत्त्व बोकेका ठाउँमा आधुनिक घर निर्माण गर्न हुँदैन । तर, नेपालका धेरै सहरले आफ्नो मौलिकता गुमाइसकेका छन् । नेपालका थारू, मधेशी, गुरुङ, मगर, शेर्पा, तामाङलगायत विभिन्न समुदायका परम्परागत घर नष्ट हुँदै गएका छन् । पुराना सहर, बस्ती, घर, पाटीपौवा, सत्तल र ऐतिहासिक संरचना मासिँदै गएका छन् ।

एकचोटि भत्काएपछि त्यसको ऐतिहासिकता र प्राचीनता फर्काउन सकिँदैन । पुरानैजस्तो देखिने संरचना बनाइए पनि त्यसले वास्तविक इतिहास, पहिचान पुनर्स्थापित गर्न सक्दैन । प्राचीनतालाई 'डिजाइन' गरेर निर्माण गर्न सकिन्न । संरक्षण भनेको भत्काएर नयाँ बनाउनु होइन, जोगाएर टिकाइराख्नु हो । मुस्ताङ, घान्द्रुक, बन्दीपुरजस्ता स्थानमा पुरानै शैलीको घर बचाउनुपर्छ । त्यस्ता ठाउँमा तीन, चार, पाँचतले ढलान घर ठड्याउने प्रवृत्ति तुरुन्तै रोक्नुपर्छ ।

### ■ ढलान घरले ढाक्दै मुस्ताङ

मुस्ताङमा आधुनिक घरहरू बन्न थालिसकेका छन् । यही गतिमा घर बनिरहे मुस्ताङ १० वर्षभित्रै कुरूप बन्नेछ । त्यसकारण अहिले नै स्पष्ट नीति बनाएर निर्माणमा नियमन गर्न जरुरी छ । यसमा स्थानीय जनता, स्थानीय सरकार र राज्य सबैले साझा प्रतिबद्धता जनाउनुपर्छ । संरक्षणप्रति चेतना फैलाउनु आवश्यक छ । मुक्तिनाथ क्षेत्रमै पनि ढलान घर बन्न थालेका छन् । मुस्ताङजस्तो ठाउँ संसारमा एउटै मात्र छ । त्यहाँको ल्यान्डस्केप संसारको कुनै पनि ठाउँसँग तुलना गर्न सकिँदैन । तर, अहिले त्यही सुन्दर ल्यान्डस्केप बिगार्ने स्थिति बन्दै छ । ढलान घर ठडिन थालेका छन् । हामी लाचार भएर हेर्न बाध्य भएका छौं ।

पुरानो शैलीको घरले त्यस ठाउँको सौन्दर्य मात्र होइन, महत्त्व पनि बढ्दै जान्छ । पर्यटन, संस्कृति र पहिचान एकसाथ बाँधेर राख्छ । जानकी मन्दिरजस्तो पहिचान बोकेको सहरमा अहिले अधिकांश घर ढलानका बनिसकेका छन् । वास्तुकलालाई जानकी मन्दिरकै शैलीसँग मिल्ने गरी रूपान्तरण गर्न सकिन्छ । जनकपुरधाम नगरपालिकाले स्पष्ट लक्ष्य तय गरेर सिंगै सहरलाई जानकी मन्दिरको वास्तुकलाअनुरूप रूपान्तरण गर्न सक्छ ।

### ■ उद्योगले अशान्त लुम्बिनी

लुम्बिनीलाई एउटा उदाहरणको रूपमा लिन सकिन्छ । लुम्बिनी विश्व सम्पदा सूचीमा सूचीकृत र शान्ति र ध्यानको प्रतीक हो । तर, त्यहाँ वरिपरि ठुला उद्योग छन् । लुम्बिनीमा मास्क लगाएर ध्यान गर्न जानुपर्ने अवस्था छ । यो आफैंमा लज्जास्पद विषय हुनुपर्ने हो । सर्वोच्च अदालतले लुम्बिनी वरिपरि १५ किलोमिटर क्षेत्रभित्र उद्योग हटाउनुपर्ने निर्णय गरिसकेको छ । तर, निर्णय भएपछि कार्यान्वयन नहुनु राज्यको असफलता हो ।

हामी फेरि आफ्नो प्राचीनतातिर फर्किने वेला आएको छ । यसले सबैभन्दा ठुलो फाइदा वातावरणलाई पुग्छ । क्लाइमेट चेन्जले सिर्जना गरिरहेको भयावह अवस्थालाई कम गर्न सहयोग पुग्छ । साथै, यी परम्परागत संरचना भूकम्पनिरोधक पनि छन् । जुन हाम्रो देशका लागि अत्यन्त आवश्यकता पनि छ ।

हामी अझै प्रकृति र संस्कृतिमा धनी छौं । अब यसलाई संरक्षण गर्नुपर्छ । सरकारले संरचना बनाइदिनुपर्छ । १०-२० वर्षभित्र विकसित राष्ट्र हुन हामीलाई टाढा जानुपर्दैन । उपत्यकाभित्र मात्रै सातवटा विश्व सम्पदा छन् । यति सानो ठाउँमा त्यति धेरै विश्व सम्पदा संसारमै कतै छैन । त्यस्तै, विश्व सम्पदा सूचीमा सूचीकृत भएको तिलौराकोट पनि हो । तिलौराकोट सूचीकृत भएको २९ वर्ष भइसक्यो । तर, अहिलेसम्म त्यसलाई विश्व सम्पदा स्थलका रूपमा स्थापित गर्न नसक्नु अत्यन्तै लज्जास्पद विषय हो ।

### ■ मौलिकता गुमाउँदै पनौती

पनौती आफ्नो मौलिकता गुमाउने खतरामा छ । विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेको, ऐतिहासिक महत्त्व बोकेको पनौती यहाँको कला, संस्कृति र सम्पदालाई विश्वसामु चिनाएको सहर हो । पनौतीको संस्कार, संस्कृति र जीवनशैलीलाई बचाइराख्नु हामी सबैको साझा जिम्मेवारी हो । तर, संरक्षणको काम स्थानीय तहबाटै सुरु हुनुपर्ने भए पनि अहिलेको अवस्था मूकदर्शक बनेर बस्नेजस्तो देखिन्छ ।

पनौतीजस्तै अन्य धेरै सहर पनि यही जोखिममा छन् । बुइमतीको आफ्नै विशेषता छ, मन्दिर, पुराना शैलीका घर, प्राचीन गल्ली त्यहाँका आकर्षण केन्द्र बन्न सक्थे । यस्ता विशेषता नै बुइमतीको मौलिकता हो, जसलाई जोगाउनुपर्छ ।

### ■ संरक्षण अभावमा गोर्खा

गोर्खा आफैंमा अत्यन्तै महत्त्वपूर्ण सहर हो । तर, यहाँ स्थानीय बासिन्दा र स्थानीय निकाय दुवै सक्रिय हुनुपर्ने ठाउँमा राज्यको भूमिका अझै देखिँदैन । गोर्खाले नेपालको एकीकरणदेखि गोर्खालीको विरासतको इतिहास बोकेको छ । तर, हामीले गोर्खालाई न त राम्री मार्केटिङ गर्न सकेका छौं, न त त्यहाँका संरचनालाई संरक्षण र व्यवस्थित विकास गर्न सकेका छौं ।

### ■ चैनपुरमा हराए ढुंगाका सिँढी

बझाङ चैनपुरको अवस्था झनै पीडादायी छ । एक समय अत्यन्तै सुन्दर सहर थियो चैनपुर । म सन् १९९६ मा जर्मनीबाट फर्किएपछि पहिलोपटक पुगेका ठाउँ बन्दीपुर र चैनपुर नै हुन् । त्यसपछि लामो समय चैनपुर जान सकिनँ । त्यहाँ पुग्दा मेरो आँसु नै आयो । यति सुन्दर सहर बिगारिएको रहेछ । ढुंगाको सिँढी र ढुंगा छाएको सहरबाट सबै ढुंगा निकालेर ढलान गरिसकिएको थियो । चैनपुरको अनुहार नै फेरिएको थियो । त्यस्ता ढुंगाका सिँढी र ढुंगा छाएका पुराना संरचना मैले अरू कतै देखेको थिइनँ । तर, अझै पनि चैनपुरलाई बचाउन सकिन्छ । त्यसका लागि राज्य वा स्थानीय निकाय लाग्नैपर्छ ।

यदि आजै बुझाइएन भने क्षति अझै बढ्ने निश्चित छ । वास्तवमा सम्पदामा क्षति भइसकेको छ । त्यसैले सम्पदा संरक्षण पाठ्यक्रममै समावेश हुनुपर्ने विषय हो । नयाँ पुस्तालाई आफ्नो सम्पदालाई माया गर्न सिकाउनुपर्छ ।

# महिलाका लागि शनिबारीय मेला

शनिबारीय मेला, जहाँ महिलाले उत्पादन गरेका वस्तु बिक्री गरिन्छन्



समाज



● तेजराज भट्ट

धनगढी उपमहानगर- ८, धनगढी गाउँकी बजारी चौधरीलाई गत शनिबार दिउँसो शनिबारीय मेलामा खाजाका परिकार बिक्री गर्न भ्याइनभ्याइ थियो । थारू समुदायको मौलिक परिकार ढिक्री, च्याउ, बन्दा र खुर्सानीको अलगअलग पकौडा बनाउन उनकी बुहारी रश्मि व्यस्त थिइन् । धनगढीको जेन-जी मार्गमा हरेक शनिबार लाग्ने शनिबारीय महिला उद्यम मेलामा बजारीकी सासुबुहारीले खाजाका परिकारको स्टल राख्दै आएका छन् । गत वर्ष मेला सुरु भएदेखि नै उनीहरूले खाजाको स्टल राख्न थालेका हुन् । उनको स्टलमा चटनीसँग तात्तातो ढिक्री र पकौडा खानेको प्रायः भिड लाग्छ ।

यसबाट हुने आम्दानीले घरखर्च चलाउन सहज भएको बजारी बताउँछिन् । बजारीका अनुसार शनिबारीय मेलामा उनले तीन-चार हजार रुपैयाँसम्मको कारोबार गर्छिन् । घरमा खाली बस्ने आफूहरू हप्तामा एक दिन लाग्ने मेलाबाट थोरै भए पनि आम्दानी गर्न थालेपछि आर्थिक रूपमा केही सहज भएको चौधरीको भनाइ छ । 'परिकार बनाउन धेरैजसो घरकै सामान प्रयोग गर्ने भएकाले लागत खर्च कम हुन्छ । तीन हजारको बिक्री भए दुई हजार बचिहाल्छ,' उनी भन्छिन्,'यहाँबाट हुने आम्दानीले सामान्य घर खर्च चलेको छ ।'

ग्राहकले ढिक्री र च्याउको पकौडालाई बढी मन पराउने उनले बताइन् । ढिक्रीका लागि उनी घरकै चामलबाट पिठो बनाउँछिन् भने पकौडाका लागि च्याउ र बन्दा घरमा लगाएकी छिन् । उनको ६ जनाको परिवारमध्ये श्रीमान् घरमा परम्परागत खेतीपातीको काम गर्छन् भने छोरा रोजगारीका लागि दुबईमा छन् ।

धनगढी- १३, कैलाली गाउँका एकल महिलाद्वय भागरथीदेवी खत्री र कलापतीदेवी कापडी मिलेर शनिबारीय मेलामा सुदूरपश्चिमका खानाका मौलिक







परिकारसहित खाजाको स्टल राख्छन् । उनीहरूको स्टलमा बटुक (पिसेको मासबाट बनाइने परिकार), कोदो र चामलको बाबर (सेल), पुरी, पकौडा खान पाइन्छ । खानाका परिकारसँगै लसुन, मुला, खुर्सानी र अदुवाको अचार पनि उनीहरूले बिक्री गर्छन् । श्रीमान् बितेपछि भोग्नुपरिरहेको आर्थिक कठिनाइ दुवैजनाको उस्तै छ । आर्थिक समस्याका कारण भागरथीका छोरा १२ कक्षामै पढाइ छोडेर रोजगारीका लागि हालै भारत गएका छन् ।

'आम्दानीको अरू स्रोत छैन । दुई-चार रुपैयाँ पाउन पनि गाह्रो थियो । शनिबारीय मेलामा खानाका परिकार बेच्न थालेपछि महिनामा चार-पाँच हजार कमाइ हुन्छ' उनले भनिन्, 'दुई-चार हजार पाउनु पनि हाम्रा लागि ठुलो कुरा हो ।' बटुक, सेल, पुरी, पकौडालगायत परिकार उनीहरू त्यहीँ बनाएर बिक्री गर्छन् । अघिल्लो शनिबार दुवैजनाको भागमा एक-एक हजार रुपैयाँ आम्दानी परेको कलापतीले बताइन् ।

महिलाहरूलाई आयआर्जनसँग जोड्न र उद्यमी बनाउने उद्देश्यले धनगढी उपमहानगरपालिकाले गत वर्षबाट शनिबारीय महिला उद्यम मेला सुरु गरेको हो । जेन-जी मार्गमा शनिबार दिउँसो लाग्ने मेलाका लागि उपमहानगरले नै टेन्ट लगाइदिने गरेको छ भने स्टल पनि निःशुल्क गरिएको छ । मेलामा महिलाहरूले मौलिक खानाका परिकार तथा आफूले घरमा उत्पादन गरेका वस्तुहरू बिक्री गर्छन् । दुना, टपरी, धुप, बत्ती, ढकिया, टोपी, रुमाल, झोलालगायत कपडाका स्टल राखिएका हुन्छन् । उपमहानगरको रोजगार शाखाका संयोजक चन्द्र महराका अनुसार मेलामा अहिले ७८ वटा स्टल राखिएका छन् । मेलामा आउन चाहनेको संख्याअनुसार स्टलको संख्या तलमाथि हुन्छ ।

मेलामा स्टल राख्नेमध्ये धेरैजसो आफ्नो पसल राख्न नसकेका आर्थिक रूपमा विपन्न र एकल महिला छन् । मेलामा सहभागी हुन थालेपछि घरमा उत्पादन गर्ने वस्तुको बजारीकरणमा सहयोग पुगेको उनीहरूको अनुभव छ । धनगढी-५, शिवनगरकी जानकी रोकाया घरमा भोटा, टोपी, रुमाल, झोला बनाउँछिन् । उनका ग्राहक छरछिमेक र चिनेजानेकाहरू थिए । 'मेलामा आउन थालेपछि कतिपयले अर्डर गर्छन् । किन्न घरमा पनि आउँछन् । सामान बेच्न सजिलो भएको छ,' उनले भनिन्, 'पहिलेभन्दा कारोबार बढेको छ ।'

मेलामा ढकिया बिक्री गर्दै आएकी धनगढी- ५, जाइकी कमलादेवी चौधरी मेलामा आउन थालेपछि ग्राहकसँग सम्पर्क बढेको बताउँछिन् । 'यहाँ हेरेर घरमा पनि किन्न आउँछन् । ढकियाको माग धान्न गाह्रो भएको छ,' उनले भनिन् । कासबाट बनाइने ढकिया थारू समुदायमा बढी प्रचलित छ ।

शनिबारीय मेला अवलोकन गर्नेको भिड हुन्छ । रोजगार संयोजक महराले महिलाहरूको सीपलाई आयआर्जनसँग जोड्न मेलाको सुरुवात गरिएको बताए । यसबाट उनीहरूलाई व्यवसायमा लाग्न अनुभव पनि हुने उनको भनाइ छ । 'महिलाहरूको सीपलाई उत्पादन र आयआर्जनसँग जोड्न खोजिएको हो,' उनले भने, 'महिलाहरूले घरमा उत्पादन गरेका हाते सामग्री बिक्री गर्न सहज भएको पाएका छौं ।' बर्खा र प्रतिकूल मौसममा भने मेला सञ्चालन हुँदैन ।

साहित्य



● शान्ति तामाङ

# साहित्यमा जम्दै लैंगिक तथा यौनिक अल्पसंख्यक

प्रकृतिमा मानिसको आँखाले देख्न सक्ने सात रंगको संयोजन छ । मानिस यही प्रकृतिको उत्पादन हो । र, त हामी साहित्यमा, जनबोलीमा भन्छौं, सप्तरंगी इन्द्रेणी । तर, सबै रंग साहित्यमा व्यक्त भइरहेका थिएनन् । केही रंगको मात्रै बाहुल्य थियो । पछिल्लो समय ती बाँकी रंगहरूले पनि आफूलाई कवितामार्फत व्यक्त गर्न थालेका छन् । लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायले कविता, कथा, उपन्यासमार्फत आफ्ना अनुभव, आवाज र प्रतिरोध प्रस्फुटन गर्न थालेका छन् ।

## अनुको सपना

कालिकोटका अनु शाही ठकुरी स्नातक तेस्रो वर्षका विद्यार्थी हुन् । उनी ट्रान्स म्यान हुन् । उनी सानैदेखि कविता लेख्थे । ११ कक्षापछि उनले कवितालेखनमा थप समय दिन थाले । सुरुवाती दिनमा आफ्नो पीडा, भावना पोख्न कविता लेख्न थालेका उनले बिस्तारै लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको विषयलाई कवितामार्फत भन्न थाले । 'सुरुवाती दिनमा मेरो लैंगिक पहिचान, यौनिकताको बारेमा भन्न सक्दिनथें । मैले आफ्नो कुरा कसैलाई भन्न नसक्दा र मजस्तो मान्छे कोही नभेट्दा आफ्नो पीडा डायरीमा टिप्थें । जुन कविता बन्थे । तर सुनाउँदिनथें,' उनी भन्छन् ।



कवितामा जम्न थालेपछि उनले नारीवादी कविता लेख्न थाले । लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायसँग जोडिसकेपछि समुदायभित्रको विविधता, अधिकार, मानसिक स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य अधिकार लिएर कविता लेख्न थाले । समाज र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायबिचको द्वन्द्वबारेमा पनि कविता लेखे । अहिले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको सशक्तीकरण, अधिकार, वकालत, सचेतनासँग सम्बन्धित भएर कविता लेख्छन् ।

उपन्यास, पटकथा लेखनमा पनि उनको रुचि छ । तर, कवितालाई प्राथमिकतामा राखेर काम गरिरहेका छन् । कविता जहिल्यै नरम हुनुपर्छ भन्ने भाष्य बनाइएकाले यस्तो भाष्य तोडेर अगाडि बढ्न उनी लागिपरेका छन् । 'अहिले पनि साहित्य भनेको नरम, कमलो हुनुपर्छ । अलिकति दुखेको हुनुपर्छ भन्ने भाष्य निर्माण भएको छ । साहित्य सशक्त, बोल्ड, लाउड अनि कडा पनि हुन सक्छ । कवितामार्फत केही परिवर्तन गर्न सकिन्छ भनेर लागेको छु,' उनी भन्छन् ।

साहित्यमार्फत महिला वा पुरुष मात्र होइन, अरू समुदायको पनि आवाज बोल्नुपर्छ भन्ने उनको मत छ । अहिलेसम्मको साहित्यले समावेशी आवाज नउठाएको भन्दै उनी भन्छन्, 'साहित्य संवेदनशील विषय भए पनि धेरै पुस्तकमा नपुंसक, छक्का, हिजडाजस्ता अपमानजनक शब्द प्रयोग भएको पाइन्छ । हामीले आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकार हनन भएको छ कि भन्ने कुरा ख्याल गर्नुपर्छ ।' आगामी दिनमा कवितासंग्रह र उपन्यास प्रकाशित गर्ने लक्ष्य बोकेर उनी कलम चलाइरहेका छन् ।

# साप्ताहिक राशिफल

१९ पुस (शनिबार)
२५ पुस (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

**मेष**
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । साथीहरूसँग मनोरञ्जन गर्ने अवसर जुर्नेछ । प्रेमको बन्धन कसिनेछ । वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । सेयरबजारबाट सोचेअनुसारको सफलता मिल्नेछ । साताको अन्त्यमा परिवार तथा सन्तानले व्यापारमा सहयोग गर्ने हुनाले मनग्य धनआर्जन गर्न सकिनेछ । नयाँ योजना अगाडि बढ्नेछ । भाग्यको साथ पूर्ण रूपमा मिल्नेछ ।

**वृष**
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

नयाँ व्यवसायबाट मनग्य आम्दानी हुनेछ । विगतमा भएका राम्रा क्रियाकलापको स्मरण हुनेछ । भेटघाटमा मन रमाउने योग छ । भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुनेछ । व्यावसायिक क्षेत्रमा खासै फेरबदल हुने योग छैन । राज्यपक्षबाट सम्मानित हुने अवसर पाइनेछ । साताको अन्त्यमा धार्मिक यात्राको योग रहेको छ । मांगलिक कार्य अगाडि बढ्नेछ ।

**मिथुन**
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

इच्छाएको जिम्मेवारी प्राप्त हुने समय आएको छ । विशिष्ट व्यक्तिको सहयोग र सल्लाहले स्वास्थ्यमा सकारात्मक संकेत देखिनेछ । साथीभाइ र नातेदारबाट उपयोगी सल्लाह र सहयोग प्राप्त हुनेछ । बुद्धिको उपयोग गरी भाग्य बढाउने समय छ । व्यावसायिक काम बिचमा अवरुद्ध बन्न सक्छ । सन्तान वा सहयोगीका माध्यमबाट काम बन्ने देखिन्छ । धार्मिक कार्यमा सहभागी हुने अवसर जुर्नेछ ।

**कर्कट**
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

गायन तथा कलाकारिता क्षेत्रमा समय लगानी गर्नेहरूले नाम तथा दाम दुवै कमाउन सक्नेछन् समयलाई उपयोग गर्न सके राम्रो फाइदा लिन सकिनेछ । अप्रत्याशित काम बन्ने योग छ । पारिवारिक जीवन सामान्य रहनेछ । राज्यपक्षबाट लाभ प्राप्त हुनेछ । इच्छाएको जिम्मेवारी प्राप्त हुन सक्छ । आफन्तहरूको सहयोगमा नयाँ कामको जिम्मेवारी मिल्नेछ ।

**सिंह**
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साताको प्रारम्भमा प्रशासनिक र राज्यपक्षबाट हुनुपर्ने काममा सफलता प्राप्त हुनेछ । यश, सम्मान र प्रतिष्ठा प्राप्त हुनेछ । उद्योग तथा उत्पादनमूलक क्षेत्रमा लगानी गरी आम्दानी बढाउन सकिनेछ । साहित्यको क्षेत्रमा कलम चलाउनेहरूका लागि समय फलदायी रहेको छ । आफन्त र मित्रहरूसँग भेटघाट र रमाइलो गरिनेछ । विभिन्न जिम्मेवारी निर्वाह गर्नुका साथै दौडधुप गर्नुपर्ने समय छ ।

**कन्या**
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साताको प्रारम्भमा धार्मिक यात्राको योग रहेकाले मनमा खुसियाली छाउनेछ । विदेशमा बसेर काम गर्नेहरूका लागि समयले साथ दिनेछ । व्यापार-व्यवसाय फस्टाएर जाने हुनाले मनग्य धनआर्जन गर्न सकिनेछ । घरमा मांगलिक कार्यको थालनी हुनेछ । आफन्तहरूसँग बसेर महत्त्वपूर्ण निर्णयमा सबैको साथ र सहयोग प्राप्त हुने देखिन्छ ।

**तुला**
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

कामको चाप र दायित्व बढ्नेछ । साझेदारी र सट्टापट्टाबाट बेफाइदा देखिन्छ । नयाँ ज्ञान प्राप्त हुने योग छ । अध्ययन-अध्यापनमा सफलता मिल्ने देखिन्छ । साथीभाइ, बन्धुबान्धव र इष्टमित्रबाट राम्रो सहयोग जुटाउन सकिनेछ । सन्तान पक्षबाट राम्रै सहयोग मिल्नेछ । वैदेशिक यात्रा सफल हुनेछ । अभिभावकवर्गको आशीर्वादले काम गर्न बन्ने योग छ ।

**वृश्चिक**
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

नयाँ काममा लगानी गर्दा अभिभावकहरूको सुझाव तथा सहयोगको आवश्यकता पर्नेछ । चियोचर्चा गर्नेहरूसँग सावधान रहनुहोला । रमाइलो भेटघाट हुने तथा स्वादिष्ट भोजनको अवसर जुर्ने योग रहेको छ । ढिला भएका कामहरूले गति लिनेछन् । नयाँ सम्बन्ध कायम हुनेछ । साताको अन्त्यमा खुसीको वातावरण सिर्जना हुनेछ ।

**धनु**
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । मातापिता र अभिभावक वर्गसँगको सम्बन्धमा सुधार आउनेछ । ढिलै भए पनि तपाईंको अनुकूलताले नै काम सम्पन्न हुनेछ । बुधबारदेखि आफन्तबाट टाढिनुपर्नेछ । व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । साताको अन्त्यमा अवसरका लागि कडा परिश्रम गर्नुपर्ला । लगानी सुरक्षित हुने वातावरण बन्नेछ ।

**मकर**
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

घरमा मांगलिक कार्यको शुभारम्भ हुनेछ । आयआर्जनका नयाँ स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ । आँटेका कामको लगानी पनि अरूका लागि खर्च हुन सक्छ । बुधबारपछि बौद्धिक र लेखनकार्यमा सफलता प्राप्त हुने योग छ । छोटो दूरीको यात्रा फलदायी रहला । सरकारी तथा निजी क्षेत्रमा पुनः प्रयत्न गरे अवसर मिल्नेछ ।

**कुम्भ**
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

चिन्तनमनन र अध्यात्मप्रति आकर्षित हुँदा राम्रो हुनेछ । सामाजिक तथा परोपकारी कार्यमा रुचि जाग्नेछ । साथीहरूसित मनोरञ्जनको अवसर जुर्नेछ । आत्मविश्वासमा अभिवृद्धि हुनेछ । व्यापार गर्नेले पनि सोचेजस्तै लाभ लिन सक्नेछन् । प्रतियोगितात्मक क्रियाकलापमा सफल हुनुहुनेछ । धन कमाउने योग छ । सेयर कारोबारमा लगानी बढाउँदा फाइदा पुग्नेछ ।

**मीन**
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

रमाइलो यात्रामा निस्कन सक्नुहुन्छ । व्यवसाय र पेसाबाट राम्रै प्रतिफल प्राप्त हुनेछ, चिताएभन्दा बढी कमाउने योग रहेको छ । काम गर्न जाँगर चल्नेछ । प्रेमबन्धनमा बाँधिने वेला छ । आम्दानीमा कमी हुनेछैन । शुभ समाचार प्राप्त हुनाले मन फुरुंग हुनेछ । साताको अन्त्यमा अचल सम्पत्ति हात पर्नेछ । राम्रो सहयात्रीको साथ पाइने सम्भावना प्रबल छ ।

कविता



● शान्ति प्रियवन्दना

कति बसून् मान्छेहरू मात्रै सभामा-

मान्छेको भिडबाट
थाकेर
आजित भएर
एक दिन
जनावरहरू बसे
टाढा गएर आफ्नै वृत्तमा

## अंग्रेजीमा कविता लेख्ने विराट

विराटविजय ओझाले करिब एक दशकदेखि कविता र कथामा कलम चलाइरहेका छन् । उनी विद्यालय पढ्दाखेरि  नै अतिरिक्त क्रियाकलापमा सहभागी हुने क्रममा कथा लेख्थे । पुरस्कार जित्थे । इटहरी छाडेर काठमाडौं आएपछि उनी थप साहित्यमा क्रियाशील रहे । सुरुवाती दिनमा सामाजिक सञ्जालमै सीमित रहेको उनका कविताले विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतियोगितासमेत जितिसकेको छ । 'म इटहरीमा हुर्किएँ । त्यहाँ साहित्यलेखनको कल्चर थिएन । तैपनि स्कुल पढ्दादेखि नै कथा लेख्थेँ,' ओझा सुनाउँछन्, 'काठमाडौं आएपछि कविता लेख्न थालेँ । सोसल मिडियामा राख्न थालेँ । केहीले कविता राम्रो छ निरन्तरता दिनु भनेपछि लेखिरहेँ ।'



विराटले धेरैजसो कविता अंग्रेजी भाषामा लेखेका छन् । तीमध्ये ५, ६ वटा प्रकाशित छन् । बाँकी अप्रकाशित नै छन् । ती कवितामा उनले विशेष गरी लैंगिक तथा यौनिक समुदायका विषय नै प्रखर मात्रामा उठाएका छन् । योबाहेक पितृसत्ता, महिलावाद, पुरुषत्वमाथि धावा बोल्दै कविता लेखेका छन् । 'समाजलाई झक्झकाउने, समाज परिवर्तन गर्नका लागि साहित्य महत्त्वपूर्ण माध्यम हो । तर, नेपाली साहित्यमा हाम्रो समुदायलाई त्यति स्पेस छैन,' उनी भन्छन् । हालसम्म उनले एक सयभन्दा धेरै अंग्रेजी भाषामा कविता लेखेका छन् । केही नेपाली कविता लेखेका पनि छन् । तर, ती अप्रकाशित छन् । भविष्यमा संग्रह प्रकाशित गर्ने योजनामा उनी छन् ।

## शक्तिशाली कविता लेख्ने रोजन

कवि रोजन परिवारको एउटा कविताको शीर्षक छ,
'शरीरको बजार ।' सो कविताको एउटा पंक्ति यस्तो छ :



*दिनभरि ऊ सानो अँध्यारो कोठामा थुनिन्छे ।*
*भित्तामा देखिएका चिराजस्तै,*
*उसको जीवन पनि चिराचिरा भएको छ ।*
*बाहिरको घामले ढोका ढकढक्याउँछ,*
*तर उसलाई छुन पाउँदैन*
*बाहिरको घाम र हावा*
*मानौं उसका लागि बनाइएका होइनन् ।*

त्यस कवितामा उनको सुन्दर शिल्प र शक्तिशाली विचार भेटिन्छ । कविता पढ्दा भन्न सकिन्छ, उनी सिकारु कवि नभई निकै वर्षदेखि साधनारत कवि हुन् । यी कविताबाहेक उनका 'अस्तित्वको खोजी', 'बटुवाको भेट', 'एक चोक्टो मासु', 'मेरो किड्नी बिक्रीमा छ', लगायत कविताहरू कविताप्रेमीमाझ चर्चित छन् ।

उनले सुरुवाती दिनमा सामाजिक सञ्जालमा कविता राखे । सुरुमा उनी कवितामा आफ्नो भावना पोख्थे । अहिले भावनासँगै अधिकार, प्रश्न पनि गर्छन् । 'आफूलाई चिन्नुभन्दा अघि आफ्नो मनको भावना लेख्न थालियो । बुझ्दै गएपछि हाम्रो समुदायका बारेमा पनि लेख्नुपर्छ भन्ने लाग्यो,' उनी भन्छन्, 'मैले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका विषयको बारेमा कविता लेखेर सामाजिक सञ्जालमा राख्न थालेपछि यो विषयमा लेख्नुपर्छ भनेर केही कविबाट हौसला भयो त्यसपछि निरन्तर लेखिरहेको छु ।'

विभिन्न राष्ट्रियस्तरको कविता प्रतियोगितामा पुरस्कृत भइसकेका उनले हालसम्म एक सयभन्दा धेरै कविता लेखिसकेका छन् । जीवनको एउटा समयमा पुगेर संग्रह निकाल्ने सोच पनि बनाएका छन् ।

## संग्रह निकाल्ने योजनामा विन्दु

विन्दु परियारले पनि कविता लेख्न थालेको करिब एक दशक भयो । कविताबाहेक उनी लैंगिक तथा यौनिक अल्पसंख्यकका मुद्दामा लेख पनि लेख्छिन् । उनका लेख राष्ट्रिय दैनिकमा प्रकाशित हुन्छन् । सुरुवाती दिनमा दलित, सीमान्तकृतका मुद्दामा आफ्नो भावना अभिव्यक्त गर्ने माध्यम बनाएकी उनले हाल लैंगिक तथा यौनिक अल्पसंख्यकका मुद्दामा कविता लेख्दै आएकी छिन् । 'मैले विद्यालय तहदेखि नै कविता लेख्न थालेकी हुँ । सुरुवाती दिनमा दलितका मुद्दामा आफ्नो भावना लेख्थेँ । बिस्तारै आफ्नो समुदायका बारेमा पैरवी गर्न थालेपछि सोहीअनुसारको कविता लेख्दै आएकी छु,' उनी भन्छिन् ।

विन्दु पनि आफ्ना कविता सामाजिक सञ्जालमा राख्छिन् । विभिन्न प्रतियोगितामा पनि कविता पठाउँछिन् । आफ्नो समुदायको तर्फबाट अहिलेसम्म कुनै पनि कवितासंग्रह प्रकाशित नभएकाले उनी संग्रह प्रकाशित गर्ने तयारीमा छिन् ।



# रोगसँग लड्न सहयोग माग्दै जुम्ली

**सरकारले केही रकम उपलब्ध गराए पनि कर्णलीका बिरामीको उपचारमा एकछेउ पनि टेवा पुगिरहेको छैन । विपन्न नागरिक आर्थिक अभावकै कारण मृत्यु रोज्न बाध्य भइरहेका छन् ।**



भारतको लखनउमा कलेजो र मिर्गौलाको उपचार गराइरहेकी दुर्गा बस्नेत



काठमाडौंमा ट्युमरको उपचार गराइरहेका लोगबहादुर रावत

गुठीचौर गाउँपालिका-३ गर्ज्याङकोट, जुम्लाका ४० वर्षीय मिर्गौलापीडित कमानसिंह परियारको उपचारका लागि हारगुहार माग्दामाग्दै मृत्यु भयो । उनका दुईवटै मिर्गौला फेल भएका थिए । परिवारसहित रोजगारीका लागि भारत गएका परियारका दुवै मिर्गौलाले काम गर्न छाडेका थिए । हिमाञ्चल प्रदेशको कटगाउँबाट आफ्नै जन्मभूमिमा मृत्युवरण गर्ने निधो गरी घर फर्के । उपचारका लागि हारगुहार गरे । तर, केही उपाय लागेन । अन्ततः आर्थिक अभावका कारण घरमै उनको मृत्यु भयो । उनका दुई छोरी, एक छोरा र श्रीमती छन् ।

त्यस्तै, चन्दननाथ नगरपालिका- ६ विजयनगर, जुम्लाकी ललिता थापाको पनि ब्लड क्यान्सरका कारण काठमाडौंमा मृत्यु भयो । उनका आफन्तले आर्थिक सहयोगका लागि निकै हारगुहार गरेका थिए । एकातिर विपन्न परिवार, अर्कोतिर क्यान्सरजस्तो ठुलो रोग । अन्ततः उनले पनि आर्थिक अभावकै कारण मृत्यु रोज्नुपऱ्यो ।

गुठीचौर गाउँपालिका-१, जुम्लाकी दुर्गा बस्नेतले पनि आफ्नो उपचारमा चरम आर्थिक अभाव झेलिरहेकी छिन् । उनका श्रीमान् रत्न बस्नेतले आर्थिक सहयोग गरिदिनका लागि सबैमा अपिल गरेका छन् । केही समयदेखि दुर्गाको पूरै शरीरमा इन्फेक्सन (घाउ) देखिएको छ । शरीरका सबै भाग पाकिरहेका छन् । कलेजो र मिर्गौलासमेत सुन्निएको छ । नेपालमा उपचार गर्दागर्दा लाखौं पैसा सकाए । कुनै सुधार भएन । अहिले भारतको लखनउस्थित एक्सोन अस्पतालमा रत्नले श्रीमतीको उपचार गराइरहेका छन् । रत्न भन्छन्, 'भारतमा उपचार धेरै महँगो छ । प्रत्येक दिन पाँच हजारभन्दा बढीको बिल आउँछ । घरबाट ल्याएको पैसा सबै सकियो । बाँकी उपचार गर्न मुस्किल परिरहेको छ ।'

उक्त अस्पतालमा केही दिनको उपचारपछि सामान्य सुधार देखिएको छ । उपचार विधि धेरै नै खर्चिलो हुने हुँदा परिवारको आर्थिक अवस्थाले धानेन । रत्नले उपचारमा सहयोग गरिदिन सबैमा अपिल गरेका छन् ।

चन्दननाथ नगरपालिका-९ श्रीदुस्काका लोगबहादुर रावत ट्युमर रोगको उपचारका लागि अहिले काठमाडौंमा छन् । उनका परिवारले उपचारका लागि आर्थिक अभाव भएको भन्दै सामाजिक सञ्जालदेखि गाउँघरमा सहयोग माग्दै हिँडेका छन् । 'सबैको थोरै-थोरै सहयोगले उपचारमा टेवा पुग्ला भनेर गाउँ-गाउँमा आर्थिक सहयोग माग्दै हिँडेका छौं,' लोगबहादुरकी आफन्त माया रावत भन्छिन् ।

०००

नेपालको संविधानले हरेक नागरिकले आधारभूत स्वास्थ्य सेवा पाउनु नागरिकको मौलिक अधिकार भएको उल्लेख गरेको छ । संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था छ । सो धाराको (१) मा भनिएको छ-प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन । (२) मा भनिएको छ, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ । (३) मा भनिएको छ, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ । (४) मा भनिएको छ, प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

यति मात्र होइन, जनस्वास्थ्य सेवा ऐन, २०७५ को परिच्छेद-२ मा सेवाग्राहीको अधिकार, कर्तव्य तथा स्वास्थ्य संस्थाको दायित्वका विषयमा व्यवस्था छ । जसअनुसार प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रूपमा प्राप्त गर्ने अधिकार हुन्छ । ऐनको दफा ३ मा भनिएको छ,'कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन ।' ऐनले नसर्ने रोग तथा शारीरिक अपांगता, मानसिक रोगलगायत सामान्य आकस्मिक अवस्थाका सेवालाई निःशुल्क उपचारको व्यवस्था गरेको छ । तोकिएबमोजिमका आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु प्रत्येक स्वास्थ्य संस्थाहरूको कर्तव्य हो ।

**कर्णालीतिर**



● मानदत्त रावल

तर, संविधान र ऐनले गरेका सामान्य व्यवस्थासमेत कार्यान्वयन नहुँदा सर्वसाधारणले अहिले पनि आधारभूत स्वास्थ्य सेवा पाउन सकिरहेका छैनन् । कतै औषधि अभाव त कतै जनशक्ति अभावका कारण आमनागरिकले सामान्य स्वास्थ्य सेवा पाइरहेका छैनन् । त्यस्तै, क्यान्सर ब्रेन ट्युमरजस्ता ठुला रोग लाग्दा नागरिकले मृत्यु कुर्नुको विकल्प छैन ।

चन्दननाथ नगरपालिका जुम्लाले दीर्घरोगका बिरामीलाई औषधि उपचार प्रदान गर्ने भएको छ । विपन्न नागरिक औषधि उपचारसम्बन्धी कार्यविधि, २०७८ अनुसार खर्च उपलब्ध गराउन थालेको हो । मिर्गौला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर रोग र मेरुदण्ड पक्षघात भएका बिरामीलाई औषधि उपचार खर्च प्रदान गर्न थालिएको स्वास्थ्य शाखा प्रमुख क्षेत्रबहादुर महत बताउँछन् । 'कार्यविधिले प्रतिव्यक्ति प्रतिमहिना पाँच हजारका दरले वार्षिक ६० हजार रुपैयाँ औषधि उपचार खर्च प्रदान गर्ने व्यवस्था गरेको छ,' उनी भन्छन् ।

गत वर्ष मेरुदण्ड पक्षघातका एकजना, क्यान्सर रोगका आठजना, मिर्गौला डायलाइसिस चारजना गरी १३ जनाले औषधि उपचार खर्च प्राप्त गरेका थिए । गत वर्ष १३ जनालाई वार्षिक ६० हजार रुपैयाँका दरले सात लाख ८० हजार रुपैयाँ उपलब्ध गराइएको थियो ।

'यस आर्थिक वर्ष ०८२/८३ का लागि निवेदन माग गरेका छौं । सात लाख ३० हजार बजेट निकासा भएको छ,' स्वास्थ्य शाखा प्रमुख महत भन्छन्,' कार्यविधिअनुसार नै दीर्घरोगीलाई औषधि उपचार खर्च प्रदान गरिनेछ ।'

कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको स्वास्थ्य निर्देशनालयअन्तर्गत आर्थिक अभाव भएका दीर्घरोगी बिरामीका लागि अधिकतम एक लाख रुपैयाँ उपचार खर्च पाउने सुविधा रहेको जनस्वास्थ्य कार्यालय जुम्लाका सूचना अधिकारी प्रेमबहादुर बताउँछन् । उनी भन्छन्,'बिरामीको आवश्यक कागजात, औषधि उपचारको खर्च बिल भरपाई, रिपोर्टसहित निवेदन पेस गरेको खण्डमा औषधि उपचार खर्च प्राप्त हुन्छ ।'

सरकारले केही रकम उपलब्ध गराए पनि कर्नालीका बिरामीहरूको उपचारमा एकछेउ पनि टेवा पुगिरहेको छैन । विपन्न नागरिकहरू आर्थिक अभावकै कारण मृत्यु रोज्न बाध्य भइरहेका छन् ।

# जनावरहरूको संसद्



बस्यो कागहरूको सभा
बस्यो बकुल्लाहरूको सभा
कमिलाहरू जुटे, माहुरीहरू गुन्जिए

कुकुरहरू पनि आए
सबैले छाने आफ्ना प्रतिनिधि
र, तय गरे एजेन्डा

कागको जस्तो चतुऱ्याइँ
बकुल्लाको जस्तो एकाग्र ध्यान
कमिलाको जस्तो सहकार्य,
माहुरीको जस्तो श्रमनिष्ठा
कुकुरको जस्तो इमानदारी

यी सारा दृष्टान्त पेस गर्दै
गरे जनावरहरूले घोषणा-
'मान्छेले अब सिक्नुपर्छ हामीबाट'

ठिक त्यही बखत
सभाहलको कुनामा उभिएको
बुढो गोरुले
थकित ध्वनिमा सोध्यो-
'होइन, यो साझा पृथ्वीमा
मान्छेलाई
सर्वोच्च प्राणीको उपाधि दिन
कसले ल्याएछ पहिलो प्रस्ताव ?
र, कसले जनाएछ समर्थन ?'

सभा केही क्षण भयो सन्नाटामग्न

हावासँगै चलायमान भयो प्रश्न
जसको जवाफ
आज पनि अनुपलब्ध छ ।

**भन्याप्पै !**



रवि मिश्र
@rabimishra



# स्वस्थानी कथा
# व्रत बस्न होइन, समाज बुझ्न पढ्नुपर्ने
## स्वस्थानी कथा कर्मकाण्डी पुरुषहरूले नै लेखेका हुन्

परम्परा



● सरिता तिवारी, लेखक

नेपाली समाजमा जति पनि कथा छन्, एउटा खालको भाष्य निर्माण गरेर मान्छेहरूलाई त्यही भाष्यभित्र बाँध्ने हिसाबले लेखिएका छन् । त्यस्तैमध्ये स्वस्थानी व्रतकथा पनि एक हो । जुन आजभन्दा पाँच सय वर्षअघि लेखियो ।

स्वस्थानी कथा काठमाडौं उपत्यका र वरिपरिका भूभागमा फैलिएको देखिन्छ । यो कथाको प्रभाव उपत्यका, गण्डक क्षेत्र हुँदै पूर्वतिर अथवा मध्य-नेपालसम्म छ । पश्चिम नेपालतिर यसको प्रभाव कम छ । पश्चिम नेपालमा यो कथासँग मिल्दोजुल्दो गौरापर्व प्रचलित छ ।

स्वस्थानी कथाको सुरुवात महिलालाई नैतिक, धार्मिक बन्धनमा बाँध्न, उनीहरूको आचरण, पतिव्रता, छोराको मान्यताजस्ता भाष्य निर्माणका लागि हो । स्वस्थानी कथाले महिलालाई स्वस्थानी व्रत महात्म्य हरेक साँझ-बिहान वाचन गर्ने, अनुष्ठान मान्ने (म अनुशासनमा बाँधिएँ, म असल पत्नी हुँ, म आदर्श नारी हुँ) बनायो । त्यो समयमा उनीहरूसँग शिक्षा थिएन, चेतना थिएन । पण्डित, समाजका टाठाबाठा, गन्यमान्य भनिएका पुरुषले नै स्वस्थानी कथामा भनिएका नियम बनाए । त्यसैले, स्वस्थानी कथा कर्मकाण्डी पुरुषले नै लेखेका हुन् भन्न सकिन्छ ।

पुसको मध्यदेखि माघको मध्यसम्म स्वस्थानी देवीको व्रत बसेमा अनुशासित महिला भइन्छ, धनधान्य भइन्छ, छोरालाई राम्रो हुन्छ, अथवा छोरा जन्माइन्छ, श्रीमान्लाई राम्रो हुन्छ, परिवारको राम्रो हुन्छ भन्ने भाष्य निर्माण भयो । त्यो भाष्यलाई स्वीकार नगर्ने युवा महिलाहरूको संख्या उल्लेख्य छ । तर, कतिपय आमा नै व्रत बस्न लगाउने र हाम्रो छोरी पुस्तालेपनि शिरोधार्य गर्दै स्वस्थानी देवीको पूजा गर्ने, व्रत बस्ने, स्वस्थानी कथावाचन गर्ने गरेको देखिन्छ । नवराजकी आमा गोमाले स्वस्थानी देवीको साधना गरेको हुनाले त्यसको फल नवराजलाई पुगेको र निरन्तर पराक्रमी भएपछि नवराजले राजगद्दीमा बस्न पाएको उल्लेख छ ।

स्वस्थानी कथावाचन गरेमा, व्रत गरेमा सबैलाई राम्रो हुन्छ भन्ने भाष्य निर्माण गरेकाले कथाले विषाक्त र अन्यायी पितृसत्तालाई नै बलियो बनाउँछ । कथामा सतीदेवीलाई विवाह गर्नका लागि शिवले विभिन्न किसिमले छल गरेको देखाइएको छ । छल गरेरै शिवले सतीदेवीसँग विवाह गरे । शिवले सतीदेवीलाई विवाह गरेर लगेपछि झुपडी, जीर्ण, माकुराको जालोले भरिएको र अव्यवस्थित घरको व्याख्या गरिन्छ । दक्ष प्रजापतिजस्तो सम्पन्न र प्रतिष्ठित बुबासँग आफ्नो श्रीमान्को बारेमा प्रतिवाद गरिन् । तर, पार्वतीको पनि अन्ततः शिवसँग विवाह भएको छ । यी कथाले अन्ततोगत्वा पुरुषको बलशाली स्थान देखाउँछ । जहाँ पुगे पनि पुरुषहरू बलशाली छन्, महिलाले पुरुषलाई प्राप्त गर्न पुरुषको समृद्धिको लागि आराधना गर्छन् भन्ने कुरा कथामा देखाइएको छ ।

स्वस्थानी कथाको फ्रेमबाट निरीह, लोग्नेमा भर पर्नुपर्ने, छोराले भोलि मलाई पाल्ला, मलाई भरथेग गर्ला मेरो छोराका लागि गर्नुपर्छ भन्ने धैर्यता, सहनशीलता भएका महिला उत्पादन गरेको छ भने छोरीहरूलाई स्वस्थानीको प्रसाद दिनसमेत अयोग्य भनेको छ । स्वस्थानी कथाले नेपाली महिलाको एउटा खास किसिमको मोडल उत्पादन गरेको छ । अहिले पनि स्वस्थानी कथाको महिमा मण्डन गर्दै स्वस्थानी कथा राम्रो हो भन्दै जति महिलालाई व्रत बस्न प्रेरित गरिन्छ, त्यो प्रेरणा भनेको त्यस्तै महिला उत्पादन गर्ने भन्ने नै हो ।



स्वस्थानी कथा आज पनि वाचन हुनु, कथाको महिमा गाइनु, छोरीहरूलाई स्वस्थानी व्रत बस्न आमाहरूले नै उत्प्रेरित गर्नु भनेको हाम्रो समाजशास्त्रीय चिन्तन, हाम्रो विज्ञान सबै फेल भएको हो ।

वृन्दालाई विष्णुले छल गरी जालन्धर बनेर शारीरिक सम्बन्ध बनाए । जालन्धरले थाहा पाएपछि उनले आफ्नी श्रीमतीलाई श्राप दिए । एकातिर माता भनेर पार्वतीको पूजा गरिरहेका छौं । अर्कोतिर ती महिलाको निरीहता त्यो अवस्थासम्म हुन्छ । कथामा विष्णुले गएर छल गरेर जालन्धरको श्रीमतीलाई शारीरिक सम्पर्क गर्न मिल्ने, त्यही कथामा जालन्धरकी श्रीमतीले 'मेरो श्रीमान् हो भन्ने भ्रममा भएको हो' भन्ने सम्बन्धको पनि मूल्य तिर्नुपऱ्यो । पार्वतीको चेतनामा जालन्धरलाई गएर वृन्दालाई मेरो श्रीमान्ले यसो गरेको हो, वृन्दालाई श्राप नदेऊ भनेर कथामा बनाइएन । कथा लेख्नेलाई त्यहाँ जरुरी लागेन । कथामा पार्वतीलाई कसरी शक्तिशाली भन्ने ? पार्वती भनेको शिवको प्रतिछाया हो । धार्मिक मान्यताअनुसार शिव र शक्ति एउटै हो । यी सबैको सारमा महिला पुरुषको जोडाको रूपमा मात्र थिए । उनीहरूको कुनै कुरा निर्णायक हुँदैन थियो भन्ने देखिन्छ ।

> स्वस्थानी कथाले महिलालाई धैर्य गर, प्रतीक्षा गर, सहनशील बन भनेर सिकाएको देखिन्छ । यसले महिलालाई निरीह, कष्टमय जीवनको साधना गर्ने, पुरुषका लागि उभिने पात्रका रूपमा देखाएको छ ।

कथामा धार्मिक आवरणको चोला पहिराएर महिलालाई तिमीले कष्ट खप्नुपर्छ, तिमीले दुःख खप्नुपर्छ, त्यसपछि तिमीले सुख प्राप्त गर्छौं भन्छ । कथाअनुसार सतीदेवीलाई तिमी यसरी मऱ्यौ । तिमीलाई काँधमा राखेर शिवले संसार घुमे । त्यसपछि तिमी पार्वती भएर जन्मियौ । फेरि आफ्नो पतिलाई प्राप्त गऱ्यौ भनेपछि तिम्रा दुःख कहीं जाँदैन । अन्ततः तिमीले सुख पाउँछौ भनेर दुःख र प्रतीक्षालाई ग्लोरिफाई गर्ने, त्यो प्रतीक्षा फेरि केका लागि भन्दा त्यही पुरुषार्थका लागि । त्यो पुरुषले गर्ने पुरुषार्थ महिलाले गर्ने पुरुषार्थ होइन । पुरुषार्थ भनेको पराक्रमी भने जस्तो देखिए पनि यो पुरुषको पुरुष हुनुको अर्थ भनेको हो ।

धर्मशास्त्रका ज्ञाताले पराक्रम, बल, शौर्य हुनु पुरुषार्थ भन्छन् । उसले आफूलाई कति मर्द, बलियो साबित गर्न सक्छ । अरूभन्दा प्रभावशाली साबित गर्न सक्छ भन्ने कुरातिर लैजाने भयो । स्वस्थानी कथाले महिलालाई धैर्य गर, प्रतीक्षा गर, पर्ख, सहनशील बन भनेर सिकाएको देखिन्छ । यसले महिलालाई निरीह, कष्टमय जीवनको साधना गर्ने, पुरुषका लागि उभिने पात्रका रूपमा देखाएको छ । त्यसबाट प्रताडित हुँदा पनि अनेकौं बिलौना गरेर रोईकराई गरेर दुनियाँ गर्दा पनि मैले यस्तो भोग्नुपऱ्यो । वृन्दाले मलाई छल भयो भन्दा पनि मुक्ति पाइनन् । पीडित नै बन्नुपरेको देखिन्छ ।

स्वस्थानी कथा नेपाली समाजमा अहिले पनि आइडल भइरहनु दुःखको कुरा हो । आजको दिनमा पनि स्वस्थानी कथा वाचन हुनु, स्वस्थानी कथाको महिमा गाइनु, छोरीहरूलाई स्वस्थानी व्रत बस्न आमाहरूले नै उत्प्रेरित गर्नु भनेको हाम्रो समाजशास्त्रीय चिन्तन हाम्रो विज्ञान सबै फेल भएको हो ।

कतिपयले यस्ता कुरालाई 'धर्मलाई चुनौती दिने ?' भन्छन् । म धर्मको विपक्षमा छैन । यद्यपि, व्यक्तिगत रूपले म धार्मिक होइन । समाज विकसित हुँदाको त्यतिबेलाको समाजको प्रतिक्रियाको रूपमा धर्मको विकास भएको हो । मान्छे आज पनि कोही धार्मिक हुन्छ भने त्यसको सम्मान गर्छु । बहुलवाद विकास गर्ने भनेको त्यसरी नै हो । धार्मिक हुन चाहनेले धार्मिक हुन पाउनुपर्छ । धार्मिक हुन चाहन्न भन्नेलाई पनि त्यत्तिकै अधिकार र सम्मानसहित गैरधार्मिक हुन पाउनुपर्छ भन्ने मेरो मान्यता हो । आज पनि स्वस्थानीलाई राम्रो हो भनिरहेका छौं भने धर्म नै मान्ने मान्छेले पनि धर्मको वैज्ञानिकताबारे बुझ्न् सकिरहेको छैन ।

स्वस्थानी कथाले समाजमा पितृसत्तालाई नै बलियो बनाउँछ । तर, अझै पनि स्वस्थानी कथाको महिमा गाएर यसको वाचन गरिरहनु ठुलै विडम्बना हो । समाजको स्वरूप बुझ्न स्वस्थानी कथा पढ्नुपर्छ । समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्रको विद्यार्थीले पढ्नुपर्छ । स्वस्थानी कथा पढ्नका लागि ठिक छ । यसले समाजका सबै एकाइलाई, खासगरी ब्राह्मण, क्षेत्री समुदायलाई यसरी निर्देशित गर्‍यो भनेर थाहा पाउन पढ्नुपर्छ । स्वस्थानी कथाको पुनर्गठन पनि हुनुपर्छ । व्याख्या गर्ने कुरामा चाहिं सही छ, काम लाग्ने छ भनेर होइन कि नेपाली महिलाको चिन्तन, जीवन व्यवहार, बाँच्ने शैली, तिनीहरूको विश्वासलाई कसरी निर्माण गरियो भनेर पढ्ने हो । अहिले पनि स्वस्थानी भन्नेबित्तिकै जीवनको धेरै ठुलो मार्ग हो, स्वस्थानी कथा पढेपछि मोक्ष प्राप्त हुन्छ, कथा पढेपछि धेरै ठुलो पुण्य पाउँछु भन्ने बनाइएको छ । समाज चिन्न, नेपाली महिलाको सेटिङ कसरी भयो ? उनीहरूभित्र भाष्य निर्माण कसरी भयो ? अहिलेसम्म पनि कसरी काम गरेको छ ? भन्ने थाहा पाउन स्वस्थानी कथा पढ्नुपर्छ ।

प्रस्तुति : **शान्ति तामाङ**

---

सिनेमा



● अलेक्ज्यान्डर हावर्ड



# ब्याटलसिप पोटेमकिनको १०० वर्ष
# सिनेमामा नयाँ सीमारेखा खिच्ने एक सोभियत फिल्म

> राज्य नै जाइलागेको भए पनि आइजेन्स्टाइनलाई उनको फिल्मले अझै चिनाइरहेको छ । उनको मास्टरपिस सिनेमा 'ब्याटलसिप पोटेमकिन'ले चित्रण गरेको उत्पीडन, साहस र सामूहिक प्रतिरोधले एक शताब्दीपछि पनि उत्ति नै ऊर्जाशील बनाउँछ ।

पारिलो घाममा मानिस भेला भएका छन् । सबै हँसिला देखिन्छन् । उनीहरू बिदाइको हात हल्लाइरहेका छन् । सबै खुसी देखिन्छन् । तर, भिडमा एकाएक कोलाहल मच्चिन्छ । आतंकको लहर छाउँछ । आतंकित मानिस भाग्ने क्रममा एक-अर्कामाथि टेक्दै अघि बढ्न खोज्छ । एकाएक अनुशासित सैनिक जवान हतियारसहित लयबद्ध रूपमा अगाडि बढिरहेको देखिन्छन् ।

त्यसपछि दर्शकहरूको ध्यान फराकिलो सिँढीको खुड्किलोमा तलतिर भाग्दै गरेको भयभीत भिडतर्फ तानिन्छन्, जुन हेर्दा पीडादायी लाग्छ । त्यहाँ भिडले एकजना बच्चालाई कुल्चेर अघि बढेको देखिन्छ । भऱ्याङको बिचमै एउटी आमा लड्छिन् । एउटा शिशु रहेको स्ट्रिलको कोक्रो स्वतन्त्र तीव्रगतिमा तल झरिरहेको छ । अचानक एकजना महिलाले लगाइरहेको चस्मामा गोली लागेर झऱ्याम्म फुट्छ र रगत उनको अनुहारभरि लतपतिन्छ । पीडाले महिला ठुलो मुख बाउँछिन् र आवाजहीन चिच्याउँछिन् ।

यहाँ वर्णन गरिएको दृश्य विश्व फिल्म इतिहासकै सबैभन्दा प्रसिद्धमध्ये एक दृश्य हो, जसलाई ओडेसाको सिँढीमा निहत्था नागरिकहरूको नरसंहार नामले चिनिन्छ । फिल्ममा रुचि राख्नेहरूले सहजै चिन्न यो दृश्य लगभग धेरै उद्धृत हुने सर्गेई आइजेन्स्टाइनको मास्टरपिस 'ब्याटलसिप पोटेमकिन'को मुख्य दृश्य हो । फिल्म यसै महिना १०० वर्ष पुग्दै छ ।

### ■ सिनेमा क्षेत्रको नयाँ मानक

'ब्याटलसिप पोटेमकिन' प्रदर्शनमा आएपछि त्यस्तो फिल्म बन्यो, जसले सिनेमा क्षेत्रमा एक नयाँ सीमारेखा खिच्यो, सौन्दर्यात्मक र राजनीतिक दुवै आधारमा । फिल्मले तत्कालीन साम्राज्यकालीन रुसी नौसेनाको कृष्ण सागरमा चल्ने जहाजमा सन् १९०५ मा भएको विद्रोहको कथा भन्छ । त्यस वर्ष रुसमा गहिरो सामाजिक र राजनीतिक अशान्तिले क्रान्तिको रूप लिएको थियो । त्यस क्रान्तिको लहरमा देशैभर उठेका घटनामध्ये चर्चितमध्ये एक थियो, पोटेमकिन जहाजको विद्रोह । सन् १९०५ मा उठेको पहिलो रुसी क्रान्तिका क्रममा गरिबी, निरंकुशता र सैन्य पराजयबाट चरम निराश समाजका मजदुर, किसान र सैनिकहरू उठेका थिए ।

क्रान्तिले जारशाही हटाउन त सकेन तर दबाबमा आएर जारले सीमित सुधार लागू गर्न बाध्य भए । तथापि, क्रान्तिमा माग गरिएकोभन्दा एकदम सामान्य मात्र सुधार लागू भएका थिए । सन् १९०५ को क्रान्तिताका 'पोटेमकिन' जहाजमा उठेको ऐतिहासिक विद्रोहको कारक सडेको खाना थियो । आइजेन्स्टाइनले आफ्नो फिल्ममा यस विषयमाथि जोड दिन सडेको मासुमा स्याउँस्याउँती सेतो किरा हिँडिरहेको 'क्लोजअप' देखाउँछन् ।

जब नौसैनिक दुर्गन्धित मासु खान अस्वीकार गर्छन्, तिनीहरूमाथि अनुशासन अवज्ञा गरेको आरोप लगाइन्छ । उनीहरूलाई सैन्य अनुशासन तोडेको गम्भीर आरोप लगाउँदै मृत्युदन्ड दिन फायरिङ स्क्वाड्नअगाडि उभ्याइन्छ । तर, गोली हान्न ल्याइएका सैनिक पनि विद्रोही साथीहरूमाथि गोली चलाउन अस्वीकार गर्छन् । लगत्तै चालक दल पनि विरोधी समूहप्रति ऐक्यबद्धता जनाउँदै अन्तर्राष्ट्रिय ऐक्यबद्धताको रातो झन्डा उठाउँछन् । प्रतीकात्मक रूपमा जहाजको मास्ट (विशाल खम्बा)मा त्यही रंगलाई अंकित गर्छन् ।

विद्रोहमा नेतृत्वदायी भूमिका खेल्ने वाकुलिनचुक नामक एकजना नौसैनिक संघर्षका क्रममा मारिन्छन् । ओडेसाको तटमा पुगेर चालक दलले उनको शवलाई सम्मानका लागि सार्वजनिक स्थानमा राख्छन् । त्यसले सहरमा हलचल पैदा गर्छ । नौसैनिकप्रति समर्थन बढ्दै जान्छ । शीर्ष सैन्य अधिकारीहरूले यस परिस्थितिमा बल प्रयोग गर्ने निर्णय गर्छन् र सेना पठाउँछन् । त्यसपछि 'ओडेसा सिढी'मा हत्या शृंखला सुरु हुन्छ ।

जवाफमा पोटेमकिन जहाजमा रहेका नौसैनिकहरूले माथिल्ला सैन्य अधिकारी बसिरहेको सहरको ओपेरा हाउसमा तोप चलाउँछन् । लगत्तै, विद्रोही नौसैनिकहरूलाई दबाउन युद्धपोतहरूको एक समूह नै पठाइन्छ । तर, नजिकिँदै गरेको युद्धपोत देखेर विद्रोहीहरू युद्धका लागि तयारी गरिरहँदा आक्रमणका लागि पठाइएका जहाजका सैनिकहरूले विद्रोहीविरुद्ध आक्रमण नगर्ने निर्णय गर्छन् । उल्टो तिनले विद्रोहीप्रति सम्मान प्रकट गर्छन् र उनीहरू सवार पोटेमकिनलाई विनाअवरोध अगाडि बढ्न दिन्छन् । यस बिन्दुमा पुगेपछि आइजेन्स्टाइनले फिल्मको कथालाई ऐतिहासिक तथ्यबाट फरक देखाएका छन् । यथार्थमा सन् १९०५ को जहाज विद्रोहलाई सैन्य रूपमा दमन गरिएको थियो ।

### ■ राजनीतिक मिथक-निर्माणमा उत्कृष्ट

सन् १९०५ को क्रान्तिको २०औं वर्षगाँठका लागि सोभियत सरकारले नै ब्याटलसिप पोटेमकिन निर्माण सुरु गरेको थियो । रुसको नवगठित बोल्सेभिक सरकारले सिनेमालाई आमनागरिकको चेतनालाई आकार दिन सक्ने शक्तिशाली माध्यमको रूपमा हेरेको थियो । त्यतिबेला २७ वर्षमा हिँडिरहेका आइजेन्स्टाइन थिएटर क्षेत्रमा केही प्रभावशाली काम गरेर धेरैको नजरमा परेका थिए । तिनैलाई सोभियत सत्ताको जरोप्रति सम्मान व्यक्त गर्ने फिल्म निर्माणको जिम्मेवारी दिइएको थियो ।

आइजेन्स्टाइनले सुरुमा सन् १९०५ को क्रान्तिमा भएका मुख्यमुख्य घटनाहरूलाई समेटेर धेरै भागको फिल्म निर्माण गर्ने योजना बनाएका थिए । तर, यस्तो योजना साकार पार्न धेरै ठुलो लगानी चाहिने देखियो । आर्थिक सीमाका कारण उनले क्रान्तिका प्रमुख घटनामध्ये एक पोटेमकिनमाथि फिल्म बनाउन सुरु गरे । आइजेन्स्टाइनले यही एउटा घटनामार्फत त्यस समयको उत्पीडन, सामूहिक संघर्ष र क्रान्तिकारीबिचको एकतालाई एक साथ प्रस्तुत गर्न सकिने ठाने । र, फिल्म बनिसक्दा, यो सटिक ऐतिहासभन्दा बढी राजनीतिक मिथक-निर्माणको उच्चकोटीको माध्यम बनिसकेको थियो ।

फिल्म डिसेम्बर १९२५ मा मस्कोको बोलसोई थिएटरमा प्रदर्शनमा आयो । विशेष शोमा आमन्त्रित दर्शकमा प्रतिष्ठित कम्युनिस्ट नेतादेखि र सन् १९०५ को विद्रोहका भेटरान्ससमेत थिए । प्रदर्शन अवधिभर दर्शकहरूले ताली बजाइरहेका थिए । विशेषतः युद्धपोतमा जहाजी झुले रातो झन्डा फहराउँदा सबैभन्दा ठुलो उत्साह देखिएको थियो । त्यस दृश्यका लागि उक्त 'ब्ल्याक एन्ड ह्वाइट (श्याम-श्वेत)' फिल्ममा पछि पोतेर रातो रंग देखाइएको थियो ।

### ■ कतै वाहवाही, कतै प्रतिबन्ध

प्रदर्शनमा आएपछि 'ब्याटलसिप पोटेमकिन'ले विश्वभर चर्चा बटुल्यो । फिल्मकर्मी र समीक्षक सबैले यसलाई एक अभूतपूर्व फिल्मका रूपमा प्रशंसा गरे । त्यतिबेला विश्वभर नाम कमाइसकेका हलिउड अभिनेता, निर्माता, पटकथाकार तथा निर्देशक चार्ली चाप्लिनले त यसलाई 'संसारकै उत्कृष्ट फिल्म' घोषित गरे । यद्यपि, फिल्मको चर्चा र प्रभावका बिच यसलाई केही देशले राजनीतिक रूपमा खतरा माने । जस्तो, जर्मनीले फिल्मको धेरै भाग काटेर मात्र प्रदर्शन गर्ने छुट दियो भने बेलायतमा फिल्ममाथि पूर्ण प्रतिबन्ध लगाइयो । प्रतिबन्धका बाबजुद यसका गोप्य प्रिन्ट प्रसारित भइरह्यो । यसले फिल्मको प्रतिष्ठा झन् बनाउन सघायो ।

आइजेन्स्टाइनको बढ्दो अन्तर्राष्ट्रिय ख्यातिले उनलाई आफ्नै देशमा भने जोगाउन सकेन । सन् १९२० को दशकको अन्त्य र १९३० को प्रारम्भमा सोभियत संघमा स्टालिनको कठोर नीतिको दबदबा थियो । स्टालिनवादको प्रभावबाट सांस्कृतिककर्मी पनि बच्न सकेनन्, जसको एक सिकार आइजेन्स्टाइन पनि भए ।

त्यस समय आइजेन्स्टाइनको दृष्टिकोण समाजवादी यथार्थवादको नयाँ सौन्दर्यशास्त्रविरुद्ध रहेको घोषणा गरियो । यसका कारणमा आइजेन्स्टाइनको फिल्ममा स्पष्ट कथ्यको अभाव, वीर पात्रहरूको बिगबिगी र अस्पष्ट राजनीतिक सन्देशलाई देखाइयो । आइजेन्स्टाइनले ब्याटलसिप पोटेमकिन बनाउन विकास गरेको फिल्म प्रविधि 'मोन्टाज'लाई गतिशील र द्वन्द्वात्मक मानियो । तर, उनका फिल्मले समाजवादी यथार्थवादले माग गर्ने सीधा कथावाचन शैली र सामान्यजनले समेत बुझ्न सक्ने नैतिक पाठ नदिइएको आरोप लगाइयो ।

आइजेन्स्टाइनमाथि क्लिष्ट, बोझिलो र तत्कालीन राजनीतिक व्यवस्थाप्रति विश्वसनीय नरहेको आरोप लागेपछि उनका धेरै फिल्म परियोजना बिचमै रोकिए । यहाँसम्म कि उनले बनाइरहेका फिल्मसमेत उनको हातबाट खोसेर अरूको जिम्मा लगाइयो । तथापि, राज्य नै जाइलागेको भए पनि आइजेन्स्टाइनलाई उनको फिल्मले अझै चिनाइरहेको छ । उनको मास्टरपिस 'ब्याटलसिप पोटेमकिन'ले चित्रण गरेको उत्पीडन, साहस र सामूहिक प्रतिरोधले एक शताब्दीपछि पनि उत्तिनै ऊर्जाशील बनाउँछ । यो लामो विरासत सिनेमा किन महत्त्वपूर्ण माध्यम हो भन्ने एउटा दरिलो प्रमाण हो ।

*(हार्बर्ड युनिभर्सिटी अफ सिड्नीका डिसिप्लिन अफ इंग्लिस एन्ड राइटिङका अध्यापक हावर्डको आलेख द कन्भर्सेसनबाट **श्रवण उप्रेती**ले अनुवाद गरेका हुन् ।)*

# अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १९ पुस ०८२


## झापाको माटोमा बढ्दै अम्लीयपन, घट्दै उत्पादन

**सबैभन्दा धेरै धान फल्ने जिल्लाका रूपमा परिचित झापाको माटोमा अम्लीयपन बढ्दै जाँदा धानसहित अन्य फसल उत्पादनमा ह्रास**

अम्लीयपनको मात्रा थोरै रहेको माटो खेतीका लागि उपयुक्त मानिँदैन, तर झापाका १५ वटै पालिकाबाट १५ सय ७७ वटा माटोका नमुना परीक्षण गर्दा १६.९३ प्रतिशत मात्रै भेटियो तटस्थ, ८३.०६ प्रतिशत माटोमा देखियो अम्लीयपन

### ■ माटोमा अम्लीयपन कम गर्न किसान नै सचेत हुनुपर्छ

● **अञ्जु बुढाथोकी**, माटो प्राविधिक, कृषि ज्ञानकेन्द्र, झापा



अहिले प्रांगारिक मलभन्दा पनि रासायनिक मलको प्रयोग बढ्दो छ। रासायनिक मल पनि सन्तुलन नमिलाई लगाउँदा यो समस्या आएको हो। माटोमा अम्लीयपन कम गर्नका लागि किसान नै सचेत हुनुपर्ने अवस्था छ। प्रांगारिक मलले पनि अम्लीयपन घटाउँछ। तर, अत्यधिक भएका कारण यसका लागि समय लाग्छ। अहिलेको सन्दर्भमा कृषि चुन नै उपयुक्त हुन्छ। गत वर्ष कृषि ज्ञानकेन्द्रसँग किसानलाई कृषि चुन वितरणको कार्यक्रम पनि थियो। त्यो वेला हामीले कृषकलाई कृषि चुन पनि उपलब्ध गराएौं। अहिले हामीसँग त्यो कार्यक्रम नभएकाले अम्लीयपन देखिएको स्थानीय तहसँग समन्वय गरिरहेका छौं।



दमक नगरपालिकामा माटो परीक्षण गर्दै कृषि ज्ञानकेन्द्र झापाको माटो तथा मल परीक्षण प्रयोगशालाको टिम।

झापामा **चिरञ्जीवी घिमिरे**

सात कट्ठा जमिनमा खेती गर्दै आएका दमक नगरपालिका- ३ का कृषक दिलेन्द्र सापकोटाको कृषि उत्पादन केही वर्षयता घट्दो छ। बर्सेनि २३-२४ मन मकै फल्ने खेतमा ६ मन मात्रै उत्पादन भएपछि उनले गत वर्ष माटो परीक्षण गराउँदा अत्यधिक अम्लीयपन देखिएको बताए। 'माटो परीक्षण गर्दा अत्यधिक अम्लीयपन देखियो। नगरपालिकाबाट सात बोरा कृषि चुन पाएको छु। कृषि चुन लगाउनेबित्तिकै बाली लगाउन नहुने भएकाले अहिलेसम्म लगाएको छैन। अब तोरी उठाएपछि कृषि चुन लगाउँछु' उनले भने।

दमक- १० का चन्द्र भण्डारीको खेतीमा पनि क्रमशः उत्पादन घटेपछि गत वर्ष परीक्षण गर्दा माटोमा अत्यधिक अम्लीयपन देखियो। अहिले उनी अम्लीयपन हटाउने विधिको प्रयोग गरिरहेका छन्। पछिल्लो समय झापामा किसानको खेतीयोग्य जमिनमा अम्लीयपन बढ्दै गएको पाइएको कृषि ज्ञानकेन्द्रको तथ्यांक छ। जसकारण फसल उत्पादन घटिरहेको केन्द्रले जनाएको छ।

आर्थिक वर्ष ०८१/८२ मा झापाका १५ वटै पालिकाका एक हजार पाँच सय ७७ वटा माटोका नमुना परीक्षण गर्दा पाँच सय ५९ वटा नमुनामा अम्लीयपन देखिएको केन्द्रको तथ्यांक छ। जुन कुल नमुनाको ३५.४४ प्रतिशत हुन आउँछ।

यस्तै, सात सय ५१ वटा नमुनामा सामान्य अम्लीयपन देखिएको कृषि ज्ञानकेन्द्र झापाका प्रमुख सागर विष्टले जानकारी दिए। जुन कुल नमुनाको ४७.६२ प्रतिशत हुन आउँछ। यस्तै, दुई सय ६७ नमुना तटस्थनजिक देखिएको छ। जुन कुल नमुनाको १६.९३ प्रतिशत हुन आउँछ। कृषिका लागि तटस्थनजिकको माटो मात्र राम्रो मानिने उनले बताए। 'अम्लीयपन धेरै र थोरै रहेको माटो खेतीका लागि राम्रो मानिँदैन,' उनले भने।

कृषि ज्ञानकेन्द्रको माटो तथा मल परीक्षण प्रयोगशाला शाखाले नियमित माटो परीक्षण गर्दै आएको छ। चालू आर्थिक वर्ष ०८२/८३ मा पनि स्थानीय तहको समन्वयमा दमक नगरपालिका, अर्जुनधारा नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा माटो परीक्षण गरिसकेको छ। जसमा ४६ प्रतिशतभन्दा बढी अम्लीयपन देखिएको कृषि ज्ञानकेन्द्र झापाको माटो तथा मल परीक्षण प्रयोगशाला शाखा प्रमुख अञ्जु बुढाथोकीले जानकारी दिइन्।

अम्लीयपनको उक्त मात्रा खेतीयोग्य जमिनका लागि खतराको संकेत भएको उनको भनाइ छ। पिएचको मान ५.५ भन्दा कमलाई अम्लीयपन भएको र ५.६ देखि ६.४ सम्म हल्का अम्लीयपन भएको माटो मानिन्छ। त्यसभन्दा बढी ७.४ सम्म तटस्थनजिक र त्यसमाथि बढी छारियपन भएको माटोका रूपमा लिइने उनले बताइन्। तर, पूर्वको माटोमा छारियपन नभेटिएको शाखा प्रमुख बुढाथोकीले जानकारी दिइन्।

> **दमक- ३ का कृषक दिलेन्द्र सापकोटा भन्छन्-**
> माटो परीक्षण गर्दा अत्यधिक अम्लीयपन देखियो। नगरपालिकाबाट सात बोरा कृषि चुन पाएको छु। कृषि चुन लगाउनेबित्तिकै बाली लगाउन नहुने भएकाले अहिलेसम्म लगाएको छैन। अब तोरी उठाएपछि कृषि चुन लगाउँछु।

अम्लीयपन र हल्का अम्लीयपन भएको माटोमा खेती नफस्टाउने समस्या रहेको उनको भनाइ छ। यस्तो माटोमा प्रांगारिक पदार्थ, नाइट्रोजन, फस्फोरस र पोटासको मात्र कम हुन्छ। 'जसका कारण जुनसुकै खेती गर्दा पनि बिरुवा नसप्रने हुन्छ। बिरुवाले माटोबाट पाउनुपर्ने तत्त्व पनि पाउन सक्दैन,' उनले भनिन्, 'यसले गर्दा बिरुवामा किरा लाग्ने र बिरुवाको वृत्तिविकास हुँदैन, जसले उत्पादन पनि घट्छ। माटोमा अम्लीयपन बढ्दै जाँदा क्रमशः उत्पादनमा ह्रास आउँदै जाने समस्या बढ्दै जान्छ।'

दक्षिणी क्षेत्रको माटोमा अत्यधिक अम्लीयपन देखिएको उनले बताइन्। पछिल्लो समय खेतीमा अत्यधिक मात्रामा असन्तुलित रूपमा रासायनिक मलको प्रयोग बढिरहेकाले माटोमा अम्लीयपन बढ्दै गएको बुढाथोकीको भनाइ छ। माटोमा देखिएको अम्लीयपन घटाउनका लागि कृषि चुन सबैभन्दा उपयुक्त विधि रहेको उनी बताउँछिन्।

## ३.८% खस्कियो औद्योगिक उत्पादन

**आधा क्षमतामा पनि चल्न सकेका छैनन् उद्योग-कलकारखाना, ०८०/८१ मा ४८.३% रहेको उद्योगको क्षमता उपयोग ०८१/८२ मा थप घटेर ४४.५% मा सीमित रहेको राष्ट्र बैंकको तथ्यांक**

■ ३५ हजार रोजगारी दिने गरी गत वर्ष दर्ता भए सात सय उद्योग

■ १९ खर्ब ९९ अर्ब ४९ करोड कर्जा प्रवाह जुन अघिल्लो वर्षको तुलनामा ११.९५ प्रतिशतले बढी

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका


गत आर्थिक वर्ष ०८१/८२ मा उद्योगको क्षमता उपयोग ३.८ प्रतिशत घटेको राष्ट्र बैंकको अध्ययनले देखाएको छ। राष्ट्र बैंकबाट जारी आर्थिक गतिविधिसम्बन्धी एकीकृत प्रतिवेदनअनुसार अघिल्लो आव ०८०/८१ मा देशभरका उद्योगको औसत क्षमता उपयोग ४८.३ प्रतिशत थियो। गत आव भने उद्योगहरूको औसत क्षमता उपयोग ४४.५ प्रतिशतमा सीमित भएको छ। टायर तथा ट्युब उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९०.७ प्रतिशत रहेको छ। सबैभन्दा कम वनस्पति घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग १.१० प्रतिशत मात्रै छ।

कोशी प्रदेशका उद्योगको क्षमता उपयोग ५०.६ प्रतिशत, मधेशको ५५.०१ प्रतिशत, बागमतीको ३८.७ प्रतिशत, गण्डकीको ३९.१९ प्रतिशत, लुम्बिनीको ४८.४ प्रतिशत, कर्णालीको ४४.८ प्रतिशत र सुदूरपश्चिमको ३७.२४ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ। पछिल्लो समय कायम आर्थिक शिथिलताका कारण नेपालमा वस्तु तथा सेवाको माग घटेको छ। सोही कारण उद्योगहरू उत्पादन घटाउन बाध्य भएकाको प्रतिवेदनमा उल्लेख छ।

### प्रतिवेदनमा उल्लेख भएको प्रदेशगत सम्भाव्यता

**कोशी : वैदेशिक व्यापारको उच्च सम्भावना**

'कोशी प्रदेशको भौगोलिक स्थिति दुवै ठुला अर्थतन्त्र भएका छिमेकी देशसँग जोडिएकाले गर्दा उत्पादन बढाई वैदेशिक व्यापारमा समेत विस्तार गर्न सकिनेछ,' प्रतिवेदनमा भनिएको छ।



**मधेश : कृषि उत्पादन वृद्धि**

'मधेश प्रदेश भारतको सीमावर्ती क्षेत्रमा भएकाले उत्पादन बढाई भारतको ठुलो बजारमा पहुँच पुग्नेछ। कृषिजन्य उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योग स्थापना गर्न सकिनेछ,' प्रतिवेदनमा भनिएको छ।

**बागमती : औद्योगिक उत्पादनको बजारीकरण**

'नेपालको जनसंख्याको सबैभन्दा धेरै हिस्सा रहेको यस प्रदेशमा औद्योगिक उत्पादनको बजारीकरण गर्न सकिनेछ,' प्रतिवेदनमा भनिएको छ।

**गण्डकी : स्थानीय मदिराको व्यावसायिक उत्पादन**

'प्रदेशको आव ०८२/८३ को बजेटमा स्थानीय रूपमा मदिराको गुणस्तरीय उत्पादन र बिक्री-वितरणका लागि कानुनी व्यवस्था मिलाइने व्यवस्था राखिएको छ। जसले प्रदेशमा स्थानीय कच्चा पदार्थबाट घरेलु मदिराको व्यवस्थित उत्पादन, नियमन तथा बजारीकरणमार्फत मदिरा र मदिराजन्य पदार्थको आयात प्रतिस्थापन गर्न सकिनेछ,' प्रतिवेदनमा भनिएको छ।

**लुम्बिनी : भारततर्फ सिमेन्ट निर्यात**

'प्रदेशमा पर्याप्त चुनढुंगा खानी रहेको र चुनढुंगाको गुणस्तरसमेत राम्रो भएको पाइएकाले सिमेन्ट तथा क्लिंकर उत्पादन गरी भारतीय बजारमा निर्यात गर्न सकिनेछ,' प्रतिवेदनमा भनिएको छ।

**कर्णाली : जडीबुटी उत्खनन**

'प्रदेशमा उच्च मूल्यका जडीबुटी जस्तै : यार्सागुम्बा, पाँचऔंले पाइने भएकाले जडीबुटी प्रशोधन केन्द्र स्थापना गरी उचित मूल्यमा स्वदेश तथा विदेशमा निर्यात गर्न सकिनेछ,' प्रतिवेदनमा भनिएको छ।






**सुदूरपश्चिम : जलविद्युत्को केन्द्र**

'पश्चिम सेती, महाकाली, चमेलिया, बुढीगंगा, सुर्नयाजस्ता अत्यधिक जलप्रवाह क्षमता भएका नदीहरू एवं प्रशस्त तालतलैया र पोखरीहरू रहेको यस प्रदेशमा जलविद्युत् उत्पादनको अधिक सम्भाव्यता रहेको छ,' प्रतिवेदनमा भनिएको छ।

### औद्योगिक प्रदर्शनीमा ३० करोड कारोबार

**बुटवल**/ पुस ३ गतेदेखि सुरु भएर सकिएको राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सवमा ३० करोडको कारोबार भएको छ। महोत्सव आठ लाख दर्शकले अवलोकन गरेको आयोजक रुपन्देही उद्योग संघले जानकारी दिएको छ। संघका महासचिव सुमन बस्यालले विभिन्न किसिमका रचनात्मक कार्यक्रम गरेर प्रदर्शनी सफलतापूर्वक सम्पन्न गरेको बताए। उत्पादक र उपभोक्ताबिचको सम्बन्धलाई मजबुत बनाउन टेवा पुऱ्याएको दाबी थियो।


**दोधारा चादनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दोधाराचाँदनी, कञ्चनपुर
सुदुरपस्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८२/०९/१९)

यस कार्यालयबाट मिति २०८२/०८/१४ गते राष्ट्रिय स्तर को दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मल्याङ्कन समिति बाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. न. | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (पि.एस र मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०८।२०८२।०८३ | महाकाली नदी तटबन्ध निर्माणे योजना, वडा नं ०१ | श्री न्यु हुनैनाथ निर्माण सेवा, दो.चा.न.पा ०२ कंचनपुर | २९,५७,४९८।०० | |

गणेशदत्त मिश्र
प्रमुख प्रशासकिय अधिकृत


## कोशी पर्यटन विकासमा 'हवाई अवरोध' उडान अभावले व्यवसायीसमेत हतोत्साहित

**विराटनगरबाट पोखरा, भैरहवा, नेपालगन्ज, धनगढीलगायतका गन्तव्यमा सिधा उडान हुने हो भने स्थानीय मात्र नभएर पश्चिम बंगाल र बिहारबाट समेत भारतीय पर्यटक जुटाउन सकिने व्यवसायीको तर्क**

● **पुण्य भट्टराई**, पर्यटन व्यवसायी



विराटनगर-पोखरा, लुम्बिनी, सोलु आदि रुटमा यात्रु हुँदैनन् भनेर टार्ने गरिन्छ। तर, यो तर्क कमजोर छ। यात्रु दिलाउने काममा हामी सहयोग गर्न तयार छौं।

● **राजन श्रेष्ठ**, पर्यटन व्यवसायी



विराटनगर-नेपालगन्जजस्ता रुटमा उडान थपिए काठमाडौंको हवाई चाप पनि घट्नेछ। यात्रुको समय र खर्च दुवै बच्नेछ र प्रदेशबिचको आर्थिक सम्पर्क पनि बलियो हुनेछ।

> ५० को दशकको अन्त्यतिर विराटनगरबाट पोखरा र भैरहवामा सिधा उडान भए पनि लगत्तै स्थगित भएको सेवा हालसम्म स्थगित

विराटनगरमा **गणेश लम्साल**

कोशीका व्यवसायीले अन्तरप्रदेश र प्रादेशिक हवाई सेवा नहुँदा पर्यटन विकासमा बाधा पुगिरहेको गुनासो गरेका छन्। भद्रपुर र विराटनगरमा ठुला क्षमताका विमानस्थल भए पनि पोखरा, लुम्बिनी, नेपालगन्ज, सगरमाथालगायतका क्षेत्रमा सिधा उडान नहुँदा कोशीबाट आन्तरिक पर्यटनको उद्देश्यले भ्रमण गर्ने व्यक्तिले काठमाडौं पुगेर अन्यत्र जानुपर्ने बाध्यता खेपिरहेका हुन्।




३० वर्षअघि विराटनगर विमानस्थलबाट विभिन्न गन्तव्यमा क्षेत्रीय उडान हुने गरे पनि त्यसयता सुचारु हुन नसक्दा पर्यटन विकासमा बाधा पुगिरहेको व्यवसायीको गुनासो छ। कोशी सबैभन्दा ठुलो आर्थिक हब र धेरै पर्यटकीय गन्तव्य भएको प्रदेशसमेत हो। त्यसैले, यहाँका पर्यटकीय गन्तव्य घुमफिर गर्न चाहने अन्य प्रदेशका नागरिकलाई समेत स्थलमार्ग प्रयोग गर्नुको विकल्प छैन।

पर्यटन व्यवसायीसमेत रहेका उद्योग वाणिज्य संघ, कोशीका पर्यटन तथा हवाई सेवा समिति संयोजक भवेश श्रेष्ठका अनुसार ५० को दशकको अन्त्यतिर विराटनगर-पोखरा, विराटनगर-भैरहवालगायतका गन्तव्यमा हवाई उडान सेवा उपलब्ध थियो। त्यस्तै, विराटनगर विमानस्थलबाट कोशी प्रदेशको संखुवासभा, सोलुखुम्बु, ताप्लेजुङलगायतका जिल्लामा पनि साप्ताहिक हवाई सेवा सञ्चालनमा थिए। ती उडानले प्रदेशभित्र र अन्तरप्रदेशबिच सिधा हवाई सम्पर्क गराएको थियो। तर, सरकारी ध्वजावाहक नेपाल एयरलाइन्सको बेवास्ता र निजी एयरलाइन्सको स्वार्थले अन्तरप्रदेश र प्रादेशिक हवाई सेवा अहिले ठप्प छन्।

पर्यटन व्यवसायी श्रेष्ठले यात्रु अभाव देखाएर प्रादेशिक र अन्तरप्रदेश हवाई सेवा बन्द गरिएको तर्क उपयुक्त नभएको बताए। 'यात्रु नपाएर मात्र होइन, काठमाडौंलाई एक मात्र हवाई केन्द्र बनाउने नीतिले गर्दा क्षेत्रीय उडानहरू बन्द गरिएका छन्, यस्तो नीतिले प्रदेशको समग्र विकासमै बाधा पुगिरहेको छ,' उनले भने। विराटनगरका अर्का पर्यटन व्यवसायी पुण्य भट्टराईले प्रादेशिक र अन्तरप्रदेश पर्यटनको बजार राम्रो रहेकोबारे हवाई सेवाप्रदायक र सरकारी अधिकारीलाई थाहा भए पनि व्यावहारिक हुन नचाहेको बताए। विराटनगरबाट पोखरा, भैरहवा, नेपालगन्ज, धनगढीलगायतका गन्तव्यमा सिधा उडान हुने हो भने स्थानीय मात्र नभएर पश्चिम बंगाल र बिहारबाट समेत भारतीय पर्यटक जुटाउन सकिने व्यवसायीको तर्क छ।

काठमाडौंस्थित त्रिभुवन विमानस्थलको चाप कम गर्न पनि क्षेत्रीय उडानहरू थाल्नुपर्ने पर्यटन व्यवसायी राजन श्रेष्ठले बताए। 'क्षेत्रीय रुट सञ्चालन भए काठमाडौंको हवाई चाप पनि घट्नेछ। यात्रुको समय र खर्च दुवै बच्नेछ र प्रदेशबिचको आर्थिक सम्पर्क पनि बलियो हुनेछ,' उनले भने।


**नेपाल सरकार**
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
**खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, पोखरा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०८२/०९/१९

प्रस्तुत विषयमा यस आयोजना अन्तर्गत संचालित विभिन्न खानेपानी तथा सरसफाइ आयोजनाको लागि विद्युतिय खरिद प्रक्रियाबाट मिति २०८२/०७/१९ मा प्रकाशित सूचना वमोजिम पेश भएका वोलपत्रहरूको नियमानुसार मूल्यांकन हुँदा तपशिलमा उल्लेखित वोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल भएको देखिएकोले यस कार्यालयको उक्त वोलपत्र स्वीकृत गर्ने आशय रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जनकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. न. | कार्य विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगना | कवोल रकम (भ्याट समेत) |
|---|---|---|---|---|
| 1 | Supply and delivery of HDPE (PE-100) Pipes for different Water Supply Projects | IFB/01/082/083/ goods/wssmo/pokhara | Nepal Blackgold and Allied Industry Pvt. Ltd, Rupandehi | 1,26,62,294.10 |
| 2 | Supply and delivery of HDPE (PE-100) Pipes for different Water Supply Projects | IFB/02/082/083/ goods/wssmo/pokhara | Crystal Product Pvt. Ltd., Hetauda-8, Makwanpur | 1,25,95,635.40 |
| 3 | Supply and delivery of Various Fittings for different Water Supply Projects | IFB/03/082/083/ goods/wssmo/pokhara | Vayudoot Trade and Suppliers, Kathmandu | 89,75,113.14 |
| 4 | Supply and delivery of Various Pipes & Fittings for different Water Supply Projects | IFB/04/082/083/ goods/wssmo/pokhara | Vayudoot Trade and Suppliers, Kathmandu | 94,30,408.22 |

कार्यालय प्रमुख

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार १९ पुस ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

# गत वर्ष सर्वाधिक कमाइ गर्ने १० फुटबलर

चर्चित क्लब र विश्वप्रसिद्ध कम्पनीसँगको सम्झौताबाट अन्तर्राष्ट्रिय खेलाडीले राम्रो कमाइ गर्छन् । त्यसमा उनीहरूको आम्दानीको मुख्य हिस्सा क्लबबाट प्राप्त हुने पारिश्रमिक रहेको छ । सन् २०२५ को वर्षमा साउदी प्रो लिगमा आबद्ध पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो फुटबलमा बढी कमाउने खेलाडी बने । अल नासरबाट उनले १३० मिलियन अमेरिकी डलर आर्जन गरेको बेलायती एजेन्सीहरूले जनाएका छन् । युरोपियन फुटबल छाडेर एसियामा छिरे पनि उनको आम्दानी घटेको छैन । रोनाल्डोलाई युरोपका धनी क्लबबाट खेलिरहेका प्रसिद्ध फुटबलरले पछार्न सकेका छैनन् । अमेरिकाको इन्टर मियामीबाट खेलिरहेका अर्जेन्टिनी लियोनल मेसी धेरै कमाउने फुटबलरको दोस्रो स्थानमा छन् । इंग्लिस फुटबलर डेभिड बेकह्यामको लगानीमा रहेको मियामीले मेसीलाई प्रतिमिहना राम्रै पारिश्रमिक दिने गरेको छ । गत वर्ष अल नासर, इन्टर मियामी, रियल म्याड्रिड, म्यानचेस्टर सिटी तथा बार्सिलोनाबाट व्यावसायिक फुटबलर सर्वाधिक कमाइ गर्ने खेलाडी बनेका छन् ।



### क्रिस्टियानो रोनाल्डो (पोर्चुगल)
**(२८० मिलियन अमेरिकी डलर)**

युरोपियन फुटबल छाडेर एसियामा आबद्ध भएका पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो अहिले पनि सर्वाधिक कमाइ गर्ने फुटबलर बनेका छन् । सन् २०२३ देखि रोनाल्डो साउदी प्रो लिग अल नासरमा आबद्ध छन् । म्यानचेस्टर युनाइटेडमा व्यवस्थापनसँगको सम्बन्ध राम्रो नहुँदा उनले राम्रो आम्दानी गर्ने योजनाका साथ साउदी प्रो लिग रोजेका थिए । यहाँ आउँदा उनले एसियाको फुटबल मार्केट विश्वभरि पुऱ्याउने वाचा गरे । अल नासरमा जब रोनाल्डोले आबद्धता जनाए, त्यसपछि उनको ब्रान्ड भ्यालु एकैपटक बढ्यो । यसैकारण पनि अल नासरले उनलाई प्रतिसाता महँगो पारिश्रमिक बुझाउने गर्छ । बेलायती एजेन्सीहरूका अनुसार रोनाल्डो गत वर्ष पनि सर्वाधिक कमाइ गर्ने खेलाडीमा परे । उनको कुल आम्दानी २८० मिलियन अमेरिकी डलर रह्यो । यसको मुख्य हिस्साका रूपमा अल नासरसँगको सम्झौता मानिन्छ । उनले १३० मिलियन अमेरिकी डलर पारिश्रमिक रूपमा बुझ्ने गरेका छन् । विभिन्न विश्वप्रसिद्ध ब्रान्डसँग जोडिएपछि उनले यसबाट ८० मिलियन अमेरिकी डलर आर्जन गरे । रोनाल्डोको आफ्नै कम्पनी सिआर-७ ले पनि राम्रो आम्दानी गरिरहेको छ ।

### लियोनल मेसी (अर्जेन्टिना)
**(१३० मिलियन अमेरिकी डलर)**

रोनाल्डोले जस्तै युरोपियन फुटबल छाडेर अन्यत्र लाग्दा भविष्य कस्तो हुने भन्ने लियोनल मेसीलाई चिन्ता लागेको थियो । बार्सिलोना र पेरिस सेन्ट जर्मेन (पिएसजी)मा रहँदा मेसीको आम्दानी वार्षिक गज्जबकै थियो । फेरि युरोपमा यी दुवै क्लब धनीमा पर्छन् । यहाँबाट अन्य क्लबमा गएर व्यावसायिक फुटबल खेल्दा आफ्नो क्रेजसँगै आम्दानी गुम्ने उनलाई चिन्ताले सताएको थियो । तर, डेभिड बेकह्यामको लगानीमा रहेको इन्टर मियामीले उनलाई अनुबन्ध गर्दा नसोचेको रकम दिएको छ । मियामीबाट पाउने पारिश्रमिक र विश्वप्रसिद्ध कम्पनीसँगको सम्झौताले उनी गत वर्ष दोस्रो सर्वाधिक कमाइ गर्ने खेलाडी बनेका छन् । सन् २०२५ मा उनले १३० मिलियन अमेरिकी डलर आर्जन गरेका थिए । उनले मियामीबाट ६० मिलियन अमेरिकी डलर प्रतिवर्ष लिएको क्लबले जनाएको छ । यसैगरी, एसिडाससँगै अन्य कम्पनीबाट समग्रमा उनको वार्षिक आम्दानी ७० मिलियन अमेरिकी डलर रह्यो ।

### करिम बेन्जिमा (फ्रान्स)
**(१०४ मिलियन अमेरिकी डलर)**

सन् २०२३ मा रोनाल्डोले साउदी प्रो लिग खेल्न आउने घोषणा गर्दा अन्य चर्चित खेलाडी यसैतर्फ आकर्षित भएका थिए । साउदी क्लबजत्तिको धनी क्लब अरू छैनन् । यसैकारण उनीहरूले आफ्नो साउदी प्रो लिगसँगै क्लबलाई समेत विश्वभरि चर्चामा ल्याउन अन्तर्राष्ट्रिय फुटबलमा नाम कमाएका खेलाडी भित्र्याउन पैसाको खोला नै बगाए । यसै आर्थिक लोभमा फ्रान्सका पूर्वराष्ट्रिय खेलाडी करिम बेन्जिमा पनि जोडिन पुगे । अहिले उनी अल इतिहादमा आबद्ध छन् । करिम पनि एसियन फुटबलमै रमाइरहेका छन् । ३७ वर्षको उमेरमा पनि उनी गत वर्ष विश्वकै धेरै कमाउने तेस्रो फुटबलर बने । उनले गत वर्ष १०४ मिलियन अमेरिकी डलर आर्जन गरेका थिए । यसबाहेक उनको आम्दानी भनेको इस्टाग्राम हो । यद्यपि, करिमको मुख्य आम्दानी स्रोत अल इतिहाद क्लब नै हो ।

### केलियन एम्बाप्पे (फ्रान्स)
**(९५ मिलियन अमेरिकी डलर)**

फ्रान्सका युवा स्ट्राइकर केलियनको एउटै चाहना थियो, युरोपियन च्याम्पियन्स लिग जित्ने । पिएसजीमा रहँदा उनको यो आकांक्षा पूरा भएन । पिएसजीमा रहँदासम्म आफू कहिल्यै पनि च्याम्पियन्स लिग विजेता बन्न नसक्ने कल्पना गरेका केलियनले युरोपकै धनी क्लब रियल म्याड्रिडमा आबद्धता जनाए । फेरि च्याम्पियन्स लिगमा रियल सर्वाधिक विजेता पनि हो । रियलबाट खेल्दै च्याम्पियन्स लिग विजेता बन्ने सपना उनको अहिलेसम्म पूरा भएको छैन । अहिले उनी पिएसजी छाडेर पछुताएका हुन सक्छन् । किनभने, गत वर्षको च्याम्पियन्स लिग पिएसजीले नै जितेको थियो । भलै रियलबाट च्याम्पियन्स लिग जित्ने सपना पूरा गर्न नसके पनि केलियन गत वर्ष सर्वाधिक कमाइ गर्ने खेलाडीमा परे । उनको कुल आम्दानी ९५ मिलियन अमेरिकी डलर रह्यो । उनले रियलबाट ७० मिलियन अमेरिकी डलर पारिश्रमिक र सम्झौताबापत थापे ।

### इर्लिङ हाल्यान्ड (नर्वे)
**(८० मिलियन अमेरिकी डलर )**

म्यानचेस्टर सिटीले गत वर्ष इंग्लिस प्रिमियर लिगमा राम्रो प्रदर्शन गर्न सकेन । लगातार नौ खेल गुमाउँदा सिटीले प्रिमियर लिगको उपाधि रक्षा गर्न सकेन । यद्यपि, उसका लागि नर्वेका स्ट्राइकर हाल्यान्डको प्रदर्शन भने अब्बल रह्यो । सिटीले पछिल्ला वर्षमा उपाधि जित्दा उनी नै प्रमुख हाई स्कोरर बनेका थिए । गत वर्ष पनि सिटीबाट उनले धेरै गोल गरेका थिए । तर, लिग उपाधि भने उनले जित्न सकेनन् । गत वर्ष हाल्यान्डको आम्दानी ८० मिलियन अमेरिकी डलर रहेको थियो । यसमा उनले सिटीबाट पारिश्रमिक रूपमा ६० मिलियन अमेरिकी डलर पाएका थिए । उनी विश्वप्रसिद्ध नाइकजस्ता कम्पनीसँग आबद्ध छन् । यसबाट पनि उनको आम्दानी राम्रो छ ।

### भिनिसियस जुनियर (ब्राजिल)
**(६० मिलियन अमेरिकी डलर)**

ब्राजिलका युवा खेलाडी जुनियर स्पेनिस क्लब रियल म्याड्रिडमा खुबै चम्किरहेका छन् । रोनाल्डोको बहिर्गमनपछि रियलले उनलाई प्रमुख स्ट्राइकरका रूपमा अनुबन्ध गरेको थियो । पछि यसमा केलियन थपिँदा जुनियरको भूमिका कमजोर बनेको आभास सबैले गरे । तर, उनले प्राप्त अवसरमा क्लबलाई निराश बनाएका छैनन् । यसैका कारण उनी रियलका दोस्रो धेरै कमाइ गर्ने खेलाडी बनेका छन् । गत वर्ष उनले ६० मिलियन अमेरिकी डलर आर्जन गरेका थिए । जसमा रियलबाट पारिश्रमिक रूपमा उनले ४० मिलियन अमेरिकी डलर हात पारे । यसका साथै उनले नाइक, हुगो बोस तथा प्राडाबाट पनि मोटो रकम सम्झौताबापत लिने गरेका छन् ।

### मोहमद सलाह (इजिप्ट)
**(५५ मिलियन अमेरिकी डलर)**

युरोपियन फुटबलमा लगातार तहल्का मच्चाइरहने खेलाडीमा सलाह अगाडि पर्छन् । इंग्लिस क्लब लिभरपुलले सलाहलाई भित्र्याएपछि उनीहरूको भाग्य नै परिवर्तन भयो । उनी आएपछि लिभरपुलले इंग्लिस प्रिमियरदेखि च्याम्पियन्स लिगसम्म हात पाऱ्यो । गत वर्षको सिजनमा इंग्लिस प्रिमियर लिगको उपाधि जित्दा सलाह नै मुख्य खेलाडी बनेका थिए । लिभरपुलमा यो पाँच वर्षको अवधिमा सलाह नम्बर एक गोल स्कोरर बनेका छन् । यसैकारण पनि क्लबले उनलाई मोटो रकम प्रदान गर्दै आइरहेको छ । सलाहले गत वर्ष ५५ मिलियन अमेरिकी डलर आर्जन गरेका थिए । जसमा लिभरपुलबाट पारिश्रमिक रूपमा उनले ३५ मिलियन अमेरिकी डलर हात पारे । यसका साथै उनले गत वर्ष २० मिलियन अमेरिकी डलर विभिन्न कम्पनीको ब्रान्डिङ गर्दै कमाए ।

### साडिओ माने (सेनेगल)
**(५४ मिलियन अमेरिकी डलर)**

अफ्रिकन खेलाडी माने अहिले राष्ट्रिय टोली सेनेगलमा छैनन् । मानेले आफ्नो फुटबल करिअरको उत्तरार्द्धमा एसियन क्षेत्र रोजे । यसमा पनि उनले साउदी प्रो लिगकै धनी मानिने अल नासर रोजे । यहाँ रहँदा उनको आम्दानी अस्वाभाविक रूपमा बढेको थियो । जुन युरोपमा खेलिरहँदा उनले खासै सोचेको जस्तो धन आर्जन गर्न सकेका थिएनन् । गत वर्ष उनले ५४ मिलियन अमेरिकी डलर कमाएका थिए । यसमा उनले चार मिलियन अमेरिकी डलर अल नासरबाट पाएका छन् ।

### जुडे बेलिंघम (इंग्ल्यान्ड)
**(४४ मिलियन अमेरिकी डलर)**

इंग्ल्यान्डका युवा खेलाडीमा बेलिंघम अहिले अगाडि छन् । इंग्ल्यान्डले अर्को वर्ष फिफा विश्वकपमा स्थान बनाउँदा यिनै युवा खेलाडीबाट राम्रो साथ पाएको थियो । उनी अहिले स्पेनिस क्लब रियल म्याड्रिडबाट व्यावसायिक फुटबल खेलिरहेका छन् । रियलले पनि उनलाई राम्रो पारिश्रमिक दिएको छ । गत वर्ष उनको आम्दानी ४४ मिलियन अमेरिकी डलर रहेको थियो । जसमा रियलबाट पारिश्रमिक रूपमा उनले २९ मिलियन अमेरिकी डलर आर्जन गरेका थिए ।

### यामिन यामल (स्पेन)
**(४३ मिलियन अमेरिकी डलर)**

यामलको उमेर १८ वर्ष पनि पूरा भएको छैन । तर, यो उमेरमा पनि उनको फुटबल खेल्ने शैली निकै फरक छ । स्पेनका युवा खेलाडी यामल बार्सिलोनाबाट व्यावसायिक फुटबल खेल्छन् । गत वर्ष बार्सिलोनाले स्पेनिस लिगा उपाधि जित्दा उनी प्रमुख खेलाडी बनेका थिए । बार्सिलोनामा आबद्ध खेलाडीमध्ये उनी महँगामा पर्छन् । गत वर्ष यामलको आम्दानी ४३ मिलियन अमेरिकी डलर रह्यो । जसमा बार्सिलोनाबाट ३३ मिलियन अमेरिकी डलर उनले पाएका थिए । यसबाहेक उनले विभिन्न कम्पनीको ब्रान्डिङ गरी १० मिलियन अमेरिकी डलर कमाएको एजेन्सीहरूले जनाएका छन् ।

**श्रीलोचन राजोपाध्याय** (एजेन्सीको सहयोगमा)

# पर्यटकीय सहर पोखरामा २२औँ स्पोर्टस् अवार्ड

**नयाँ पत्रिका**

२२औँ एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड पहिलोपटक काठमाडौंबाहिर हुँदै छ । आयोजक नेपाल खेलकुद पत्रकार मञ्चले अवार्डको दायरा फराकिलो पार्ने क्रममा मोफसलमा आयोजना गर्न लागेको हो । मञ्चले आयोजक सहरका रू पोखरा छानेको हो । नेपालको खेलकुद इति पोखरालाई खेलकुदकै हब भनिन्छ । पोखर राष्ट्रियदेखि अन्तर्राष्ट्रियस्तरका विभिन्न खे आयोजना हुँदै आइरहेका छन् ।

एक किसिमले पोखरामा वर्षभरि नै खेलकुदका केही न केही गतिविधि भइरहन्छन् । यस्तोमा स्पोर्टस् अवार्ड पोखरामा पुग्दा यसले आन्तरिक पर्यटकसमेत वृद्धि हुने अवसर छ । पोखरामा अवार्ड हुनुको अर्थ के हो खोज्न सजिलो छ । घरेलु खेलकुदको सबैभन्दा ठुलो प्रतियोगिता राष्ट्रिय खेलकुद हो । पहिलो संस्करणको राष्ट्रिय खेलकुद ०३८ सालमा भएको थियो । पोखराले दोस्रो संस्करणको राष्ट्रिय खेलकुद आयोजना गर्ने अवसर पायो । अहिले पनि राष्ट्रिय खेलकुदको इतिहास हेर्नुपर्छ, चार दशकभन्दा बढी समयअगाडि पोखरामा भएको त्यो प्रतियोगिता खुसी र गर्वले सम्झनेहरू धेरै छन् ।

पोखरामा ०७९ मा पनि नवौँ राष्ट्रिय खेलकुदको आयोजना भएको थियो । राष्ट्रिय प्रतियोगिताको मूल आयोजक राष्ट्रिय खेलकुद परिषद् थियो । तर, पोखरा त्यसको मुख्य आधारस्थल थियो । पोखरा नेपाली खेलकुदको केन्द्र हो । पोखरामा विशाल भौतिक संरचनाहरू रहेका छन् । मोफसलमा खेलकुदका सुविधासम्पन्न भौतिक पूर्वाधार पोखरामा मात्र छन् । अन्य क्षेत्रमा पाउन मुस्किल पर्छ । केही खेल पोखरामै मात्र हुन सक्ने स्थितिसमेत छ । पोखरामा केही साहसिक खेलहरू चर्चित छन् । सबैभन्दा अगाडि ट्रायथलन र प्याराग्लाइडिङ हुन् ।




### खेल गतिविधि बढाउने मौका

अवार्ड मोफसलमा पुगेपछि यसले एकातर्फ नेपाली खेलकुदको महत्त्व नजानिँदो तरिकाले बढ्नेछ । अर्कोतर्फ आमखेलाडीलाई स्टार हुनुको महत्त्व पनि थाहा हुनेछ । मोफसलमा अवार्ड कार्यक्रम हुँदा त्यस क्षेत्रका खेलाडीले स्टारडम महसुस गर्नेछन् । यसैका लागि उत्कृष्ट प्रदर्शन गर्न प्रेरित हुनेछन् । गम्पल्टको अवार्ड कार्यक्रम पोखरामा हुनुमा महत्त्वपूर्ण भूमिका खेल्नेमा पर्छन्, पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य । उनी आफैँ नेपाली खेलकुदलाई मन पराउने व्यक्ति हुन् । पोखरामा अहिलेसम्म धेरैखाले गतिविधि भएका छन् । पोखरामै सन् २०१९ मा १३औँ दक्षिण एसियाली खेलकुद आयोजना भएको थियो । यहाँ उत्तिकै संख्यामा साहित्य महोत्सव, कन्सर्ट धेरै भएका छन् । पोखराले ही असाध्यै नाम चलेका खेलाडी न्माएको छ । तिनीहरूले राष्ट्रिय तथा ष्ट्रिय प्रतियोगितामा उच्च प्रदर्शन गरेका छन् । यस्ता खेलाडीको सूची बनाउने हो भने त्यो लामो हुने निश्चित छ ।

एनएसजेएफ पल्सर अवार्ड कार्यक्रम पोखरामा भएपछि अब यस्तैखाले कार्यक्रमको बाटो पनि खुलेको छ । अब पोखराले भन्नेछ, 'यो सहर ठुला-ठुला अवार्ड कार्यक्रम आयोजना गर्न तयार छ ।' सम्भवतः यसपल्टको स्पोर्टस् अवार्डले कालान्तरमा छाड्न सक्ने भाष्य भनेकै यही हो । पोखरेली समाज भन्नु नै खेलकुदलाई मन पराउनेमा पर्छ ।

# न्यु डायमन्डले उपाधिका लागि पुलिसको सामना गर्ने

**नयाँ पत्रिका**

नेपाल पुलिस क्लब र न्यु डायमन्ड स्पोर्टस् क्लबबिच नवौँ एनभिए भलिबल च्याम्पियनसिपको महिलातर्फको उपाधि हुने भएको छ । उपाधि भिडन्त शनिबार राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा हुँदै छ । महिलातर्फको पहिलो सेमिफाइनलमा पुलिसले अर्को विभागीय क्लब त्रिभुवन आर्मीलाई ३-१ को सेटमा हराउँदै फाइनल स्थान पक्का गरेको छ । न्यु डायमन्डले फाइनल स्थान पक्का गर्ने क्रममा नेपाल एपिएफल क्लबलाई ३-० को सेटमा पाखा लगायो ।



तस्बिर : अमुल थापा

पुलिस र आर्मीबिचको सेमिफाइनलमा रोमाञ्चक बन्ने अपेक्षा थियो । तर, पुलिसविरुद्ध आर्मीले दोस्रो सेटबाहेक अन्यमा उत्कृष्ट प्रदर्शन गर्न सकेन । एक अर्थमा पुलिसले आर्मीलाई एकपक्षीय रूपमा हराएको हो । पहिलो सेटमा पुलिसले २५-१२ ले बाजी मारेको थियो । दोस्रो सेटमा आर्मीले उत्कृष्ट पुनरागमन गऱ्यो । यो सेट लगातार बराबरीमा पुगेको थियो । पुलिसले सामान्य गल्ती गर्दा आर्मीले २९-३१ ले जित्यो । आर्मीले दोस्रो सेटमाथि बाजी मार्दा पुलिसलाई अगाडि गाह्रो हुने अवस्था थियो ।

तर, पुलिसका खेलाडीले संगठित रूपमा प्रदर्शन गरी तथा चौथो सेट जितै आर्मीलाई सेमिफाइनलमै रोक्यो । पुलिसले तेस्रो २५-१४ र चौथो सेट २५-१८ ले जितेको थियो । अर्को सेमिफाइनलमा न्यु डायमन्डले एपिएफलाई २५-१७, २५-२० र २५-७ ले हरायो । प्रतियोगिताको फाइनल स्थान पक्का गर्ने क्रममा न्यु डायमन्डले विपक्षीबाट चुनौतीको सामना गर्नुपरेको छैन ।

### हेल्प नेपाल र आर्मी फाइनलमा

पुरुषतर्फ साबिक विजेता हेल्प नेपाल स्पोर्टस् क्लब उपाधिनजिक पुगेको छ । हेल्प नेपालले सेमिफाइनलमा नेपाल पुलिस क्लबलाई ३-० को सहज सेटमा हराउँदै फाइनल स्थान सुरक्षित गऱ्यो । पुलिसविरुद्ध हेल्प नेपाल २५-२१, २५-२३ र २५-२२ ले विजयी भयो । पुलिसले अब उपाधिका लागि आर्मीसँग प्रतिस्पर्धा गर्नेछ । पुरुषतर्फको दोस्रो सेमिफाइनलमा त्रिभुवन आर्मीले रुकुम पश्चिमलाई हरायो ।

निकै रोमाञ्चक तथा प्रतिस्पर्धात्मक सेमिफाइनलमा त्रिभुवन आर्मीले पाकिस्तानी खेलाडी सम्मिलित रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्रलाई ३-२ को सेटमा हरायो । रुकुमलाई पाखा लगाउन आर्मीलाई निकै मिहिनेत गर्नुपरेको थियो । आर्मी २५-२०, २३-२५, १५-२५, २६-२४ र १५-१२ ले विजयी भएको हो । पहिलो सेट जितेर लगातार दुई सेट गुमाएको आर्मीले त्यसपछि लगातार दुई सेट जित्यो । दोस्रो र तेस्रो सेटमा उत्कृष्ट प्रदर्शन गरे पनि रुकुम पश्चिमले चौथो सेटमा नजिक पुगेर हारको सामना गऱ्यो ।

# एसेज सिरिजपछि उस्मानको सन्न्यास

## १५ वर्ष अस्ट्रेलियाबाट खेलेका उस्मान खुवाजाले इंग्ल्यान्डविरुद्धको पाँचौँ टेस्टपछि अन्तर्राष्ट्रिय क्रिकेटबाट बिदा लिने

**एजेन्सी**

अस्ट्रेलियन ब्याट्सम्यान उस्मान खुवाजाले इंग्ल्यान्डविरुद्धको एसेज सिरिजपछि अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिने घोषणा गरेका छन् । सन् २०११ मा अस्ट्रेलियन टोलीबाट डेब्यु गरेका उस्मानको अन्तिम टेस्ट नै इंग्ल्यान्डसँगको पाँचौँ हुनेछ । एसेजअन्तर्गत पाँचौँ तथा अन्तिम टेस्ट सिड्नी क्रिकेट मैदान (एससिजी)मा हुँदै छ । ३९ वर्षीय खेलाडीले ८७ टेस्टमा ६ हजार दुई सय ६ रन जोडेका छन् । जसमा १६ शतकीय इनिङ्स समावेश छ । ३५ वर्षमाथि टेस्टमा शतकीय इनिङ्स खेल्ने उनी पाँचौँ खेलाडीमा पर्छन् ।

'एससिजीको टेस्ट नै मेरो करिअरकै अन्तिम हुनेछ,' उस्मानले भने, 'सन्न्यास लिने सम्बन्धमा मैले धेरैपटक विचार गरेँ । परिवार र प्रशिक्षकसँगको सल्लाहपछि एससिजी टेस्टलाई अन्तिम बनाउने निर्णय गरेको हुँ ।'

दुई वर्षपछि अस्ट्रेलिया र भारतबिचको सिरिज हुँदै छ । उनले सुरुमा भारतसँगको टेस्टलाई अन्तिम बनाउने विचार गरेका थिए । दुई वर्षको अवधिमा युवा खेलाडीलाई मौका दिनका निम्ति नै दुई वर्षअघि सन्न्यास लिने निर्णय गरेको उस्मानले बताए ।

'इंग्ल्यान्ड र भारतसँगको टेस्टले सधैँ रमाइलो र रोमाञ्चक बनाउँछ । भारतसँगको बोर्डर गावास्कर सिरिजलाई करिअरकै अन्तिम टेस्ट बनाउने योजनामा थिएँ, तर यो अझै दुई वर्ष अवधि छ,' उस्मानले भने, 'फेरि दुई वर्षभित्र फर्ममा होला कि नहोला ? यसकारण मैले एसेजलाई जीवनकै अन्तिम टेस्ट खेलका रूपमा लिएको हुँ ।'

### फ्रेन्चाइज लिगमा सक्रियता

अन्तर्राष्ट्रिय खेलबाट सन्न्यास घोषणा लिने तयारी गरिरहेका उस्मानले फ्रेन्चाइज लिगलाई भने निरन्तरता दिनेछन् । अहिले उनी अस्ट्रेलियामा हुने बिग बासअन्तर्गत ब्रस्बन हर्टमा आबद्ध छन् । यसैगरी, सेफिल्ड सेल्ट क्रिकेटबाट पनि उनी खेल्ने गर्छन् । 'शरीरले भ्याएसम्म र फिट रहँदा घरेलु क्रिकेटमा मेरो उपस्थिति रहनेछ,' उनले आफ्नो भावी योजना सुनाए, 'बिग बाससँगै अन्य लिगमा आबद्ध भइरहनेछु ।' सन् २०११ मा उनले इंग्ल्यान्डसँगको सिरिजमा डेब्यु गरेका थिए । डेब्यु टेस्टमा उनले खासै प्रभावशाली प्रदर्शन गर्न सकेका थिएनन् । त्यसको दुई वर्षपछि टोलीमा फर्कंदै उनले उत्कृष्ट प्रदर्शन गरे । सन् २०२१/०२२ मा उनले एसेजमा दुई शतक लगाए । त्यसवेला ट्रेभिस हेडको स्थानमा उनले स्थान बनाएका थिए । कोभिडका कारण हेड टोलीबाट बाहिरिँदा उस्मानले मौका पाएका थिए ।

### फरक समुदायका खेलाडी

१५ वर्षअघि उस्मानले अस्ट्रेलियाबाट खेल्दा थुप्रै विवादको सामना गरेका थिए । अस्ट्रेलियाली टोलीमा एक मुसलमान समुदायका खेलाडी आउँदा उनीप्रतिको हेराइ फरक थियो । तत्काल कप्तान रिकी पोन्टिङ चोटग्रस्त हुँदा उनले खेल्ने अवसर पाए । मुस्लिम क्रिकेटर भएका कारण नै राम्रो प्रदर्शन गर्दा-गर्दै पनि उनले टोलीमा स्थान बनाउन निरन्तर संघर्ष गर्नुपरेको थियो । सन् २०१५ मा उस्मानले न्युजिल्यान्डविरुद्ध ब्रिस्बनमा टेस्टमा शतक लगाए । यद्यपि, यो शतकले पनि टोलीमा उनको स्थान सुरक्षित भएन । दुई वर्ष अस्ट्रेलियन टोलीबाट उनी बाहिर रहे । फेरि मौका पाउँदा उनले चारमध्ये तीन टेस्टमा शतकीय इनिङ्स खेल्न सफल भए । सन् २०१८ मा उनले अबुधाबीमा पाकिस्तानविरुद्धको टेस्टमा एक सय ४१ रन बनाउँदै म्याच विनिङ प्रदर्शन गरेका थिए । सन् २०१९ मा उनी फेरि टोलीबाट बाहिरिए । सन् २०२३ मा उनले गाले टेस्टमा दुई सय ३२ रनको दोहोरो शतकीय इनिङ्स खेल्न सफल भए । जुन उनको करिअरकै उत्कृष्ट खेल प्रदर्शनका रूपमा रहेको छ ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com